# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com




## गठबन्धनलाई गण्डकीमा धक्का




- माओवादी सांसद फणिन्द्र देवकोटाले 'फ्लोर क्रस' गरेर बचाइ दिए कांग्रेस सरकार
- माओवादी केन्द्रको चुनाव चिह्नबाट निर्वाचित देवकोटा नेसपाका नेता हुन्
- पार्टीको ह्वीप उल्लंघन गरेका देवकोटालाई माओवादी केन्द्रले कारबाही गर्ने

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** सत्ता गठबन्धनलाई गण्डकी प्रदेशमा धक्का लागेको छ । त्यहाँ गठबन्धनबाहिरको दल नेपाली कांग्रेस आफ्नो नेतृत्वमा रहेको सरकार टिकाउन सफल भएको छ । सोमबार मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशसभाबाट विश्वासको मत पाएसँगै कांग्रेसको सरकारले निरन्तरता पाएको हो ।

कांग्रेस सरकार जोगाउन डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी (नेसपा)ले महत्त्वपूर्ण भूमिका खेल्यो । नेकपा माओवादी केन्द्रको चुनाव चिह्नबाट प्रदेशसभा सदस्य निर्वाचित नेसपाका फणिन्द्र देवकोटाले मुख्यमन्त्री पाण्डेलाई विश्वासको मत दिँदै सरकार जोगाएका हुन् ।

माओवादी संसदीय दलका नेता हरिबहादुर चुमानले संसद्मा बोल्दै देवकोटा प्रदेशसभामा माओवादी सांसदकै हैसियतमा रहेकाले ह्विप उल्लंघन गर्न नमिल्ने बताएका थिए । देवकोटाले 'फ्लोर क्रस' गरेपछि विपक्षी सांसदले केहीबेर नाराबाजी गरेका थिए । तर, मुख्यमन्त्री पाण्डेले विश्वासको मत पाए । विश्वासको मतको पक्षमा फणिन्द्रसँगै कांग्रेसका २७, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का दुई र स्वतन्त्र सांसद राजीव गुरूङ (दीपक मनाङे) गरी ३१ सांसद देखिएका थिए । कूल ६० सदस्यीय प्रदेश संसद्मा यो संख्या बहुमत हो ।

पार्टीको ह्वीप उल्लंघन गर्दै मुख्यमन्त्री पाण्डेलाई विश्वासको मत दिने सांसद देवकोटालाई माओवादीले कारबाही गर्ने भएको छ । पार्टी अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहालले नै देवकोटालाई कारबाही गर्ने जानकारी दिइसकेका छन् ।


(**क्रमशः पृष्ठ २ मा**)


# गृहमन्त्री लामिछानेलाई झस्काउने सर्वोच्चको आदेश

- ऋणी छँदाछँदै प्रतिवादी नबनाएर गृहमन्त्रीलाई जोगाउनेगरी रूपन्देही अदालतमा दायर मुद्दाको मिसिल झिकाउन आदेश
- कास्की प्रहरीले सर्वोच्चलाई दियो गृहमन्त्रीविरुद्ध जाहेरी नपरेको जवाफ
- गृहमन्त्री लामिछाने पदबाट राजीनामा दिएर अलग हुनुपर्ने संसदीय विशेष छानबिन समिति सदस्य न्यौपानेको सुझाव




■ **जेबी योञ्जन**

**काठमाडौं-** संसदीय विशेष छनबिन समितिले सहकारीको बचत अपचलन प्रकरणबारे गृहमन्त्री रवि लामिछानेलाई छानबिनको दायरामा ल्याउने चर्चाबीच सर्वोच्च अदालतले रूपन्देही प्रहरी प्रतिवेदनका आधारमा दायर मुद्दाको मिसिल झिकाउन आदेश दिएको छ। सर्वोच्चको यो आदेशले गृहमन्त्री लामिछाने अप्ठ्यारोमा पर्ने देखिएको छ ।

किनभने प्रहरीको अनुसन्धान प्रतिवेदनमा लामिछाने ऋणी भएको किटान हुँदाहुँदै पनि उनलाई जोगाउन प्रहरीले प्रतिवादी नै बनाइएको थिएन । यसलाई लिएर रूपन्देहीको बुटवलमा रहेको सुप्रिम सहकारीका पीडितहरू बारम्बार आन्दोलित छन् । यहीबेला सर्वोच्चका न्यायाधीशद्वय मनोजकुमार शर्मा र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले मिसिल कागज झिकाउन आदेश दिएको प्रवक्ता वेदप्रसाद उप्रेतीले बताए ।

गृहमन्त्री लामिछानेलाई निलम्बन गर्नुपर्ने मागसहित कृष्णप्रसाद खरेलसहितले सर्वोच्चमा रिट निवेदन दायर गरेका थिए । सोही रिट निवेदनको प्रारम्भिक सुनवाइ गर्दै अदालतले सोमबार जिल्ला अदालत रूपन्देहीबाट सहकारी ठगीबारे गितेन्द्रबहादुर (जिबी) राईसहित विभिन्न व्यक्तिविरुद्ध दायर मुद्दाको मिसिल कागज झिकाउन आदेश दिएको हो ।

आदेशमा भनिएको छ, 'यसमा कृष्णप्रसाद खरेलसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी गितेन्द्रबाबु राई (जिबी राई)समेत भएको सहकारी ठगीको मुद्दा नं. ०८०-०१-०९८७ नम्बरको मुद्दाको मिसिल रूपन्देही जिल्ला अदालतबाट झिकाई पूर्वआदेशानुसार अग्राधिकार दिई मिति २०८१/०३/०४ को पेसी तोकी नियमानुसार पेस गर्नुहोला ।'

सर्वोच्चले सहकारीको मुद्दालाई यसअघि नै अग्राधिकार दिइसकेको छ । जसले गर्दा मुद्दाको न्यायिक निरूपण छिट्टै हुने देखिएको छ । यसअघि सहकारी ठगीबारे लामिछानेविरुद्ध कतै पनि उजुरी नपरेको भन्दै महान्यायाधिवक्ताको कार्यालयले पत्र दिएको थियो। त्यसविरुद्ध सर्वोच्चमा कानुनी चुनौती परेको हो । गत २४ वैशाखमा महान्यायाधिवक्ता दिनमणि पोखरेलले सहकारी ठगीका मामिलामा लामिछानेविरुद्ध कतै पनि उजुरी वा जाहेरी नपरेको भन्ने विवरण भएको पत्र दिएका थिए ।

अधिवक्ता अनुपम भट्टराईसहितका आवेदकहरूले लामिछानेलाई महान्यायाधिवक्ता पोखरेलले दिएको पत्रविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए । त्यसमा लामिछानेसहित पोखरेललाई पनि विपक्षी बनाइएको थियो । सोमबार रिटमाथि सुनुवाइ गर्दै न्यायाधीशहरू शर्मा र श्रेष्ठको संयुक्त इजलासले रूपन्देही जिल्ला अदालतबाट मुद्दाको मिसिल झिकाउन आदेश दियो ।

मिसिलमा भने सुप्रिम बचत तथा ऋण सहकारी संस्थाबाट एक हजार ८३१ जना बचतकर्ताको ८६ करोड १८ लाख रूपैयाँ हिनामिना भएको उल्लेख छ । बचत हिनामिना भएको मुद्दामा प्रहरीले गोर्खा मिडियाका अध्यक्षसमेत रहेका जिबी राई, कुमार रम्तेल, पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका छोरा दीपेश पुनसहित २८ जनालाई प्रतिवादी बनाएको थियो । १५७ पृष्ठ लामो आरोपपत्रको १० ठाउँमा गृहमन्त्री लामिछानेको नाम उल्लेख छ ।

लामिछाने राजनीतिमा आउनुभन्दा अघि गोर्खा मिडिया नेटवर्क प्रालिको नाममा दुई करोड रूपैयाँ ऋण लिएको आरोप पत्रमा उल्लेख छ ।

आरोपपत्रमा भनिएको छ, 'उक्त रकम श्री रवि लामिछानेको नाममा ऋण खडा गरी मिति २०७७ चैत १८ गते श्री गोर्खा मिडिया नेटवर्क प्रालिको ग्लोबल आइएमई बैंक लिमिटेडको खातामा सेवा शुल्कबापत चार लाख रूपैयाँ कट्टी गरी संस्थाले एक करोड ९६ लाख रूपैयाँ जम्मा गरेको देखिन्छ ।'

लामिछानेले १८ चैत २०७७ मा उक्त सहकारीबाट ऋण लिएको देखिएको छ। आरोपपत्रमा उल्लिखित विवरणअनुसार उनले लिएको ऋणको किस्ता रकम विभिन्न समयमा मुद्दाकै प्रतिवादी बनेका आरोपीहरूले तिरेको देखिन्छ । २२ असार २०७८ मा रम्तेलले थप एक करोड ९० लाख रूपैयाँ ऋण लिएकोमा लामिछानेको सात लाख रूपैयाँ फर्स्योट गरेको देखिन्छ ।

पुस २०७८ मा सुप्रिम सहकारीमा रहेको सागर केसीको बचत खाताबाट निकालेको रकममध्ये लामिछानेको नाममा रहेको ऋणको १३ किस्ता तिरेको आरोपपत्रमा भनिएको छ । जबकि ऋण लिन पनि लामिछाने अयोग्य थिए । किनभने उनी सहकारीको सदस्य नै थिएनन् । तर, ऋण लिए । ग्यालेक्सी टेलिभिजनमा डुबाइदिए । तर, पनि उनलाई रूपन्देही प्रहरीले जोगायो । अब भने उनी समस्यामा पर्ने देखिएको छ । यसअघि यसबारेको रिट निवेदनलाई सर्वोच्च प्रशासनले दरपीठ गरिदिएको थियो ।

तर, यही जेठको तेस्रो साता न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले अदालतको रिट निवेदन दर्ता अस्वीकार गर्ने आदेशलाई खारेज गरिदिएको थियो । निवेदक खरेलसहितले सहकारी ठगी प्रकरणमा लामिछाने मुछिएको र उनी गृहमन्त्रीका रहँदा अनुसन्धान प्रभावित हुनसक्ने भन्दै उनलाई निलम्बन गर्न अन्तरिम आदेश दिनुपर्ने माग पनि गरेका थिए ।


(**क्रमशः पृष्ठ २ मा**)


**सन्दर्भः वैदेशिक रोजगार**

# १० महिनामा भित्रियो १२ खर्ब रेमिट्यान्स

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** चालु आर्थिक वर्षको १० महिनामा मुलुकले झण्डै १२ खर्ब रूपैयाँबराबर विप्रेषण (रेमिटचान्स) भित्र्याएको छ । नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा गत वर्षको तुलनामा रेमिटचान्स बढेको उल्लेख छ ।

प्रतिवेदनअनुसार चालु आवको १० महिनामा भित्रिएको रेमिटचान्स ११ खर्ब ९८ अर्ब ६० करोड रूपैयाँ पुगेको छ । यो गत वर्षको सोही अवधिको तुलनामा १९.२ प्रतिशतले बढी हो । गत वर्ष यस्तो वृद्धिदर २३.४ प्रतिशत रहेको थियो ।

राष्ट्र बैंकको तथ्यांकअनुसार चालु आवको वैशाख महिनामा मात्रै एक खर्ब १६ अर्ब रूपैयाँ रेमिटचान्स भित्रिएको छ । यो आवमा मासिक औसत एक खर्ब २० अर्ब रूपैयाँको हाराहारीमा रेमिटचान्स भित्रिरहेको देखिएको छ । गत आवमा मासिक औसत एक खर्ब एक अर्ब रूपैयाँबराबर रेमिटचान्स भित्रिएको थियो ।

चालु आर्थिक वर्षको यस अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या तीन लाख ७४ हजार ८८४ जना रहेको तथ्यांकमा देखाइएको छ । साथै, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको




संख्या समीक्षा अवधिमा दुई लाख ३७ हजार ८९३ जना रहेका छन् । अघिल्लो वर्षको सोही अवधिमा विदेशिने यस्तो संख्या क्रमशः चार लाख २१ हजार २७९ र दुई लाख ३८ हजार ९७६ रहेको थियो । गत आवभन्दा चालु आवको सोही अवधिमा विदेश जाने नेपालीको संख्या भने कम देखिएको छ । विदेश जाने नेपालीको संख्या घटे पनि रेमिटचान्समा उत्साहजनक वृद्धि देखिएको हो ।

मुलुकको अर्थतन्त्रको करिब २५ प्रतिशत हिस्सा विप्रेषणले ओगटेको विभिन्न अध्ययनले देखाएको छ । विप्रेषणकै कारण विदेशी मुद्रा सञ्चितिसमेत बढेको राष्ट्र बैंकले उल्लेख गरेको छ । मुलुकमा रोजगारीको पर्याप्त अवसर नहुँदा दैनिक करिब दुई हजारको संख्यामा नेपाली युवा वैदेशिक रोजगारीमा गइरहेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ । यसरी विदेशिने श्रमिकहरूले पठाउने रेमिटचान्सबाटै मुलुकको अर्थतन्त्र धानेको छ । पछिल्लो समय सरकारले जिटुजी सम्झौतामार्फत रोमानिया, जर्मनी र जापानमा कामदार पठाउने बाटो खुला गरे पनि अपेक्षितरूपमा नेपालीहरू जान पाएका छैनन् । ती मुलुकमा नेपाली श्रमिक पठाउन सके रेमिटचान्समा अझ बढोत्तरी हुने वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् ।

यद्यपि मलेसिया र खाडी मुलुकमा गएका नेपाली श्रमिकले पठाएको रेमिटचान्सबाटै विदेशी मुद्रा सञ्चितिमा योगदान पुगेको उनीहरूको भनाइ छ । युरोपबाट आएको ५० हजारभन्दा बढी मागपत्र प्रमाणीकरण भई नेपालीहरू रोजगारीका लागि जाने अवस्था सिर्जना हुन सके थप विदेशी मुद्रा आर्जन गर्ने र रेमिटचान्समा उल्लेख्य वृद्धि हुने सरोकारवालाहरू बताउँछन् ।

## वैदेशिक रोजगारीको बाध्यता हटाउन रोजगार मेला

**काठमाडौं (प्रस)-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बाध्यात्मक वैदेशिक रोजगारीको अवस्थालाई न्यून गर्न श्रमाधान रोजगार मेलाको आयोजना गरिएको जनाएको छ । बागमती प्रदेशको ललितपुरमा आजबाट सञ्चालन सुरु हुने दुईदिने रोजगार मेलाबारे जानकारी दिन मन्त्रालयले सोमबार आयोजना गरेको पत्रकार सम्मेलनमा उक्त जानकारी दिइएको हो ।

मन्त्रालयका उपसचिव एवं बागमती प्रदेश मेला संयोजक डम्बर सुनुवारले मेलामा वैदेशिक रोजगारसम्बन्धी जानकारी लिन सकिने भए पनि स्वदेशमा नै रोजगारी गर्न चाहने युवालाई आर्थिक र सामाजिकरूपमा स्थापित गराउन मेलाले महत्त्वपूर्ण भूमिका खेल्ने बताए । 'बाध्यकारी वैदेशिक रोजगारीलाई न्यून गर्न र स्वदेशमा नै कामको खोजी गरिरहेका युवाका लागि रोजगार मेला कोशेढुंगा सावित हुने विश्वास लिइएको छ,' उनले भने । मेलाले रोजगारी मात्र नभई रोजगारीका लागि ज्ञान, सीप आर्जन गरेका युवालाई सीपको सदुपयोग र निखारता कसरी ल्याउने भन्ने विषयमा पनि जानकारी दिने संयोजक सुनुवारको भनाइ छ ।

त्यस्तै, नेपाल घरेलु तथा साना उद्योग महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष सूर्यबहादुर कँडेलले दैनिक विदेशिँदै गरेका युवा जनशक्तिलाई नेपालमै रोजगारीको अवसरको सम्भावना देखाउन मेला उपयोगी भएको बताए ।




संसदीय समितिको निर्देशन

# राष्ट्रिय समावेशी आयोगको काम परिणाममुखी बनाऊ

**काठमाडौं (प्रस)-** प्रतिनिधिसभा महिला तथा सामाजिक मामिला समितिले राष्ट्रिय समावेशी आयोगको काम परिणाममुखी बनाउन निर्देशन दिएको छ । समितिको सोमबार बसेको बैठकले यस्तो निर्देशन दिएको हो । समितिका सभापति किरणकुमार साहले आयोगलाई चुस्त र परिणाममुखी कार्यसम्पादनका लागि बैठकका तर्फबाट निर्देशन दिए ।



बैठकमा सहभागी सांसदहरूले समावेशी आयोगले अहिलेसम्म गरेका काम परिणाममुखी नभएको भन्दै प्रश्न उठाएका थिए । 'नेपालमा सामाजिक समावेशीकरणको वर्तमान अवस्था र राष्ट्रिय समावेशी आयोगले खेलेको भूमिका' सम्बन्धमा गरिएको छलफलमा सांसद रोशन कार्कीले आयोगले अध्ययन कार्य गरिरहेको भनिएका विषयको प्रभाव र परिणाम के आयो ? भन्नेबारेमासमेत खुलाउनुपर्ने बताए । उनले आयोगले तयार पारेको कार्यपत्रप्रति असन्तुष्टि व्यक्त गर्दै अब परिणाम चाहिने बताए ।

आयोगकी उपसचिव सुशीलाकुमारी पन्तले 'सामाजिक समावेशीकरण' विषयमा कार्यपत्र प्रस्तुत गर्दै समावेशी आयोगको उद्देश्य, मर्म र हालसम्मको कार्यसम्पादन विवरणबारे जानकारी दिएकी थिइन् । कार्यपत्रमाथि टिप्पणी गर्दै सांसद आशा विकले सरकारले जुन उद्देश्यका साथ आयोग गठन गरेको त्यसअनुरूप कार्यसम्पादन हुन नसकेको बताइन् । 'समावेशी आयोगले उद्देश्यअनुरूप भूमिका खेलेको देखिँदैन,' उनले भनिन्, 'बजेट अभाव, जनशक्तिको कमीलगायत समस्या छन्, यी विषयमा छलफल गरिनुपर्छ ।'

सांसद ईश्वरबहादुर रिजालले समावेशी आयोग समाजको सबैभन्दा पिँधमा परेका समुदायप्रति बढी जवाफदेही र कर्तव्यनिष्ठ हुनुपर्ने सुझाव दिए । समाजको बहिष्करणमा परेका दलित समुदायलाई आयोगले कसरी अन्तरघुलन गराउन सकिन्छ भन्ने विषयमा कार्ययोजना बनाउनुपर्नेमा उनले जोड दिए । यसैगरी सांसद सुशीला श्रीपाली ठकुरीले सडकमा रहेका बालबालिकाको विषयमा अध्ययन गर्न आयोगलाई सुझाव दिइन् ।

आयोगकी अध्यक्ष विष्णुकुमारी ओझाले सांसदहरूले उठाएका जिज्ञासाको जवाफ दिँदै आयोगले सीमित बजेट तथा स्रोतसाधनमा थुप्रै जिम्मेवारी पूरा गर्नुपरेको बताइन् । समाजमा पछि परेका विभिन्न सुमदाय र वर्गको अवस्थामाथि अनुसन्धान भइरहेको उनले जानकारी दिइन् । 'समावेशी आयोग समाजको पिँधमा पारिएका सबै समुदायको साझा थलो हो,' उनले भनिन्, 'सरकारले आयोगका केही सुझाव कार्यान्वयन गरेको छ तर कतिपय सुझावको सुनुवाइ हुन बाँकी छ । ती सुझाव कार्यान्वयन भएमा कार्यसम्पादनमासमेत सकारात्मक प्रभाव पर्ने छ ।'

# 'एकद्वार संकट व्यवस्थापन केन्द्र' को राष्ट्रिय सम्मेलन गरिँदै

**काठमाडौं (प्रस)-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अस्पतालमा आधारित 'एकद्वार संकट व्यवस्थापन केन्द्र' को राष्ट्रिय सम्मेलन आयोजना गर्ने भएको छ । मन्त्रालयको लैंगिक समानता तथा सामाजीकरण समावेशी शाखाकी प्रमुख रोशनीदेवी कार्कीले आगामी भदौ महिनामा सम्मेलन गर्ने तयारी गरिएको र त्यसबारे सोमबार सरोकारवालाबाट सुझाव संकलन गरिएको बताइन् ।

सम्मेलनमा सरकारी अधिकारी, घरेलु हिंसासम्बन्धी काम गर्ने गैरसरकारी संस्था, लैंगिक हिंसामा परेका व्यक्ति गरी करिब ३०० जनाको सहभागी हुने कार्कीले जानकारी दिइन् । 'मुलुक संघीयता गइसकेपछि पनि लैंगिक हिंसा व्यवस्थापन संघले नै गर्नुपर्छ भन्ने बुझाइ छ । यो सम्मेलनमार्फत अब लैंगिक हिंसा व्यवस्थापन संघको मात्र नभई प्रदेश र विशेषगरी स्थानीय तहको हो भन्नेबारेमा साझा बुझाइ बनाउन सघाउ पुग्ने छ,' उनले भनिन् ।

केन्द्रमा आर्थिक वर्ष २०८०/८१ मा १० हजार ५३३ लैंगिक हिंसामा परेकाको व्यक्तिको उपचार गरिएको तथ्यांक छ । तीमध्ये ५७१ पुरुषले रहेका छन् । यसैगरी केन्द्रमा बलात्कारपीडित एक हजार ७५४ जना, यौनहिंसापीडित एक हजार २९६ र शारीरिक हिंसा दुई हजार ८९७ जना र जबरजस्ती विवाहबाट पीडित ४९४ जना रहेका छन् ।

मन्त्रालयले केन्द्रबाट प्रदान गर्ने सेवा प्रभावकारिताबारे जानकारी दिन सम्मेलन आयोजना गर्न लागेको हो । घरेलु हिंसामा परेका व्यक्तिको उपचारका लागि देशभरका ९४ अस्पतालमा केन्द्र स्थापना गरिएका छन् । केन्द्रले लैंगिक हिंसामा परेका बिरामीलाई स्वास्थ्य तथा चिकित्सकीय कानुनी सेवा, मनोसामाजिक परामर्श सेवा, सुरक्षा, सुरक्षित आवास गृह तथा पुनःस्थापना, शिक्षा तथा सशक्तीकरण र घरायासी पुनःमिलन गराउनेलगायतका कार्य गरिरहेका छन् ।


## नेपाल ट्रिपर तथा ट्रक व्यवसायी समिति
का.म.पा.-१४, काठमाडौं

**बोलपत्र आह्वान सम्बन्धी सूचना ! सूचना !! सूचना !!!**

सूचना प्रकाशित मिति २०८१/०२/२९

नेपाल ट्रिपर तथा ट्रक व्यवसायी समितिद्वारा चन्द्रागिरी न.पा.-०७, महादेवस्थान (हाई भिजन कोलोनी) मा निर्माण गर्न लागेको यस संस्थाको कार्यालय भवन निर्माणका लागि स्वीकृत प्राप्त दर्तावाला निर्माण व्यवसायी संस्थाहरुलाई मिति २०८१/०३/१२ गते भित्रमा तपसिल बमोजिमका कागजात संलग्न गरी बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

**तपसिल**
१) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि
२) भ्याट प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि
३) आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
४) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि
५) निर्माण व्यवसायी इजाजतपत्रको प्रतिलिपि
६) बोलपत्र खरिद दस्तुर बापत कार्यालयको नाममा रहेको सानिमा बैंक, कलंकी शाखा, खाता नं ०१५०१००१००००१२८ मा रु.५०००/- तिरेको सक्कलै रसिद

**उल्लेखित माग गरिएको कागजात नभएको, रित नपुगेको र म्याद नाघी आएको बोलपत्र उपर कारवाही गरिने छैन । कुनै पनि बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस समितिमा सुरक्षित रहने छ ।**

सम्पर्क:
**नेपाल ट्रिपर तथा ट्रक व्यवसायी समितिको कार्यालय**
कलंकी -१४, काठमाडौं
फो.नं.: ०१५२१९६४०, ०१५२१८६८३
९८५१०८४०६९
ईमेल: nepalttorg2066@gmail.com


पृष्ठ १ बाट क्रमशः

## गृहमन्त्री लामिछाने...

उनीहरूले रिट निवेदनमा गृहमन्त्रीले धारण गरेको जिम्मेवारीले अनुसन्धान प्रक्रिया प्रभावित हुनसक्ने हुँदा अनुसन्धान प्रक्रिया चलिरहेको अवस्थामा गृहमन्त्रीको पदबाट निजलाई निलम्बन गर्नू भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को नाममा अन्तरिम प्रकृतिको उपयुक्त आदेश जारीको माग गरेका छन् ।

सोमबार नै जिल्ला प्रहरी कार्यालय कास्कीले लामिछानविरुद्धमा जाहेरी दर्खास्त नरहेको जवाफ सर्वोच्चलाई पठाएको छ । जवाफमा भनिएको छ, '...सम्मानित सर्वोच्च अदालतबाट भएको आदेशमा उल्लिखित द.नं. ०८०-०११-०४२६/१२९, मिति २०८०-१०-२२ को जाहेरी दरखास्त यस कार्यालयको कसुर दर्ता किताबमा दर्ता भएको अभिलेखबाट नदेखिएको र उक्त दर्ता नम्बर यस कार्यालयको नभएको व्यहोरा सादर अनुरोध गरिएको छ ।'

तर, गत वर्षको माघमा जिल्ला प्रहरीमा पूरक जाहेरी परेको थियो । अहिले भने प्रहरीले गृहमन्त्री लामिछानेको दबाबमा जाहेरी नै नपरेको जवाफ दिएको छ । लामिछानेमाथि पोखराको सूर्यदर्शन सहकारी र बुटवलको सुप्रिम सहकारीबाट करोडौं रूपैयाँ ऋण लिएर गोर्खा मिडिया नेटवर्कमा गैरकानुनीरूपमा लगानी भएको आरोप लाग्दै आएको छ । उनी त्यतिबेला गोर्खा मिडिया नेटवर्कको प्रबन्ध निर्देशक थिए ।

सहकारीको रकम अपचलनबारे छानबिन गर्न दुई साताअघि नेकपा एमालेका सांसद सूर्यबहादुर थापा सभापति रहेको सात सदस्यीय संसदीय विशेष छानबिन समिति गठन भएको छ । समिति सदस्य तथा कांग्रेस सांसद ईश्वरी न्यौपानेले गृहमन्त्री पदमा बहाल हुँदा छानबिन प्रक्रिया असहज हुने बताएकी छन् । त्यही भएर पदबाट राजीनामा दिएर अलग हुनुपर्ने सुझाव उनको छ ।

'कार्यदेशको ४ नम्बर बुँदाबमोजिम लामिछानेसमेतलाई छानबिनको दायरामा ल्याइने छ,' उनले प्रभावसँग भनिन्, 'समितिले कुनै दबाब र प्रभावमा नपरी छानबिन प्रक्रिया अगाडि बढाउँछ तर गृहमन्त्रीले राजीनामा दिए छानबिनमा अझ सहज हुन्छ ।'

समितिले छानबिनको कार्यविधि भने पारित गरेको छैन । कार्यविधि आगामी सोमबार बैठक बसेर टुंगो लगाउने सांसद न्यौपानेले बताइन् ।

■■■

## गठबन्धनलाई...

भारतबाट फर्केपछि त्रिभुवन विमानस्थलमा प्रधानमन्त्री दाहालले भने, 'पार्टीले ह्वीप जारी गरिसकेको थियो । संविधान र कानुनको मर्मविपरीत फ्लोर क्रस गरेका व्यक्तिलाई स्वाभाविक रूपमा कारबाही हुन्छ । निलम्बन हुन्छ ।'

सांसद देवकोटाले भने प्रदेशसभा जोगाउन र मध्यावधि टार्न मुख्यमन्त्रीलाई विश्वासको मत दिएको बताएका छन् । 'पछिल्लो चरण हामी माननीयलाई थाहा नै नदिई संख्या गणना गरेर सरकार फेरबदल हुनेतिर गयो । त्यसपछाडि गम्भीर शंका लाग्यो, गण्डकी प्रदेश बर्बादीतिर जाँदै छ,' उनले भने ।

माओवादी केन्द्रको चुनाव चिह्नबाट चुनाव उठेर जितेका देवकोटा बाबुराम नेतृत्वको नेसपाका नेता हुन् । उनको कानुनी हैसियत भने माओवादी सांसदको रूपमा थियो । त्यसैले माओवादीले मुख्यमन्त्री पाण्डेलाई मत नदिन ह्वीप जारी गरेको थियो । तर, सांसद देवकोटाले ह्वीप उल्लंघन गर्दै मत दिँदा मुख्यमन्त्री पाण्डेले प्रदेशसभामा विश्वासको मत पाए ।

नेकपा एमालेका २२ र माओवादी केन्द्रका छ सांसदले विपक्षमा मतदान गरेका थिए । यसअघि विश्वासको मत लिनु अघिल्लो दिन आइतबार मुख्यमन्त्री पाण्डेले एमालेलाई पत्र लेखेर विश्वासको मतका लागि आग्रह गरेका थिए । एमालेले भने केन्द्रीय गठबन्धनबमोजिम विश्वासको मतको विपक्षमा उभिने प्रस्ट पारेको थियो ।

सातवटा प्रदेशमा गण्डकीमा मात्रै कांग्रेसको सरकार रहेको छ । केन्द्रीय सत्ता गठबन्धन फेरिएसँगै अन्य प्रदेशमा कांग्रेस नेतृत्वको सरकार ढलिसकेको छ ।

पाण्डे दोस्रोपटक यही १६ जेठमा मुख्यमन्त्री नियुक्त भएका थिए । संविधानको धारा १६८ को उपधारा ३ बमोजिम प्रदेश संसद्मा सबैभन्दा धेरै सदस्य भएका दलको नेताको हैसियतमा उनी मुख्यमन्त्री नियुक्त भएका हुन् ।

यसअघि संविधानको धारा १६८ को उपधारा २ बमोजिम नियुक्त एमाले संसदीय दलका नेता खगराज अधिकारीले लिएको विश्वासको मतलाई जेठ १४ मा सर्वोच्च अदालतले असंवैधानिक ठहर गरेको थियो । सर्वोच्चका न्यायाधीशद्वय कुमार रेग्मी र सुनीलकुमार पोखरेलको संयुक्त इजलासले कांग्रेस संसदीय दलका नेता पाण्डेलाई ४८ घण्टाभित्र संविधानको धारा १६८ को उपधारा ३ बमोजिम मुख्यमन्त्री नियुक्त गर्न आदेश दिएको थियो ।

उनी पहिलोपटक नेकपा माओवादी केन्द्रको समर्थनमा मुख्यमन्त्री बनेका थिए । तर, केन्द्रमा सत्ता समीकरण फेरबदल भएसँगै माओवादीले समर्थन फिर्ता लिएपछि पाण्डे सरकार अल्पमतमा परेको थियो । त्यसपछि भने प्रदेशसभामा विश्वासको मत पाउने अवस्था नदेखेपछि उनले राजीनामा दिएका थिए । गत चैत २५ मा माओवादीको समर्थनमा एमालेका अधिकारी मुख्यमन्त्री बनेका थिए ।

६० सदस्यीय प्रदेश संसद्मा प्रदेश सभामुख कृष्णप्रसाद धितालले ३० सांसदको समर्थनलाई नै बहुमत घोषणा गरेका थिए । जसआधारमा उनले विश्वासको मत पाएको घोषणासमेत गरेका थिए । संसद्मै कांग्रेसले हंगामा मच्चाएको थियो । उसले कानुनी चुनौती दिने चेतावनी दिएको थियो । नभन्दै पाण्डे सर्वोच्च गए । अन्ततः अधिकारीले पाएको भनिएको विश्वासको मत सर्वोच्चबाट अवैध ठहर भयो । यसपछि विश्वासको मत बदर गर्दै मुख्यमन्त्रीमा पाण्डेलाई नै नियुक्त गर्न सर्वोच्चले आदेश दिएको हो । सोहीअनुसार मुख्यमन्त्री नियुक्त पाण्डेले अन्ततः विश्वासको मत पाएका हुन् ।


## UAE मा रोजगार SKYZ BAY DECORATION LLC, UAE
पूर्व स्विकृति मितिः 2024.06.09 चलानी नं. ६०२२०८६७ LT No. 306174

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Clerk | 01 | काममा दक्ष | 1200 | 43627 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Civil Engineer Labourer | 03 | | 1200 | 43627 | | | | | | | |
| 3 | Administration Direc | 01 | | 1200 | 43627 | | | | | | | |
| 4 | Chief Executive | 01 | | 1200 | 43627 | | | | | | | |
| 5 | Tile Layer | 01 | | 1200 | 43627 | | | | | | | |
| 6 | Civil Engineer Technician | 02 | | 1200 | 43627 | | | | | | | |
| 7 | Decorative Painter | 03 | | 1200 | 43627 | | | | | | | |
| 8 | Painter | 02 | | 1200 | 43627 | | | | | | | |
| 9 | Purchasing Manager | 01 | | 1200 | 43627 | | | | | | | |
| 10 | Electrical Engineer | 01 | | 1200 | 43627 | | | | | | | |
| 11 | Civil Engineer | 01 | | 1200 | 43627 | | | | | | | |
| 12 | Shop Assistant | 01 | | 1200 | 43627 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

**अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८१ असार ४ गते (18 June 2024) हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

लागत खर्चः नि:शुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744



## सुनवर्षी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
डाईनिया, मोरङ्ग
कोशी प्रदेश

**दरभाउपत्रदाता स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८१।०२।२८

यस कार्यालयद्वारा मिति २०८१/०२/०९ गते राष्ट्रिय दैनिक पत्रिका र नगरपलिकाको वेबसाईटमा प्रकाशित सूचना बमोजिम प्राप्रुत हुन आएको तपशिलमा उल्लेखित न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही दरभाउपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) को प्रयोजनार्थ स्विकृतिको आशयको लागि सम्बन्धित सबै दरभउपत्रदाताहरुको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | बोलपत्रदाताको नाम/ठेगाना | कामको विवरण | कवोल गरेको रकम (मू.अ.कर समेत रु.) |
|---|---|---|---|---|
| १ | SUNMUN/EDU/080/81-01 | श्री एन्जल टच हाईजिन मेनुफ्याक्चरिङ लि. ललितपुर | सेनिटरी प्याड खरिद | ७,१३,९३४.००।- |

प्रमुख प्रशासकिय अधिकृत



## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी : SAUDI SOLIDARITY READY MIX CONCRETE COMPANY
पूर्व स्वीकृति मिति २०८०/०८/२५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२८ LT. No. 296165 चलानी नं. ६०२११३२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 12 | 0 | 1800 | ६४,०९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ४ गते (18th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले
सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर
कम्पनी : AHMAD & BODOUR GENERAL TRADING CO
पूर्व स्वीकृति मिति : २०८०/०३/२५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२८ LT. No. 289027 चलानी नं. ६०२०४४०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Coffee Maker) | 2 | 0 | 120 | ५१३४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef (Meza, Bakery, Pastry) | 10 | 0 | 220 | ९४१२५ | | | | | | | |
| 3 | Cleaner Indoor (Kitchen And Tools, Building, Publ | 10 | 0 | 90 | ३८५०५ | | | | | | | |
| 4 | Cook (Commi, Asst. Chef, Preparer, Bakery, Pastry) | 10 | 0 | 125 | ५३४८० | | | | | | | |
| 5 | Head Chef | 3 | 0 | 300 | १२८३५३ | | | | | | | |
| 6 | Kitchen Helper (Steward Restaurant Worker) | 10 | 0 | 120 | ५१३४१ | | | | | | | |
| 7 | Waiter / Waitress (Service Crew, Food Server) | 10 | 0 | 120 | ५१३४१ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ४ गते (18th June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले
सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

# मोदीलाई बधाई दिएर स्वदेश फर्किए प्रधानमन्त्री दाहाल



■ प्रभाव संवाददाता

**काठमाडौँ-** प्रधानमन्त्री पुष्पकमल दाहाल भारतको औपचारिक भ्रमण सम्पन्न गरी सोमबार साँझ स्वदेश फर्किएका छन् । उनी भारतीय समकक्षी नरेन्द्र मोदीको तेस्रो कार्यकालको शपथग्रहण समारोहमा सहभागी भएर स्वदेश फर्किएका हुन् ।

आइतबार नयाँदिल्ली प्रस्थान गरेका प्रधानमन्त्री दाहाल नयाँदिल्लीस्थित भारतको राष्ट्रपति भवनमा आइतबार साँझ आयोजित प्रधानमन्त्री मोदीको शपथग्रहणसम्बन्धी विशेष समारोह र रात्रिभोजमा सहभागी भएका थिए ।

शपथग्रहण समारोहपश्चात् प्रधानमन्त्री दाहाल र समकक्षी मोदीबीच संक्षिप्त भेटवार्ता भएको थियो । सो भेटमा प्रधानमन्त्री दाहालले लगातार तेस्रो कार्यकालका लागि भारतको प्रधानमन्त्रीको पदभार ग्रहण गरेकामा मोदीलाई बधाई दिनुका साथै उनको आगामी कार्यकालमा नेपाल र भारतबीचको सम्बन्ध थप उचाइमा पुग्ने विश्वास व्यक्त गरेका थिए । सोही क्रममा प्रधानमन्त्री दाहालले सोमबार भारतका राष्ट्रपति द्रोपदी मुर्मूसँग शिष्टाचार भेटवार्ता गरेका थिए । भेटवार्तामा उनीहरूबीच नेपाल-भारत सम्बन्धका विविध आयामबारे विचार विमर्श भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । उनीहरूबीच दुई देशबीचका जनतामाझको परम्परागत सम्बन्धलाई थप प्रगाढ तुल्याउने विषयमा छलफल भएको जनाएको छ ।

प्रधानमन्त्री दाहालका साथमा सुपुत्री गंगा दाहाल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी, परराष्ट्रसचिव सेवा लम्साललगायत उच्चपदस्थ सरकारी अधिकारी सहभागी थिए ।

**भारतीय व्यावसायीको भेट**

भारत भ्रमणकै क्रममा प्रधानमन्त्री दाहालसँग त्यहाँको 'फेडेरेसन अफ इन्डिया च्याम्बर्स अफ कमर्स एन्ड इन्डस्ट्री' (फिक्की) को प्रतिनिधिमण्डलले भेटवार्ता गरेको छ । प्रधानमन्त्री दाहाल बसेको होटल ताजमा सोमबार भएको उक्त भेटमा नेपालमा लगानीको सम्भावना एवं लगानीका क्षेत्रका विषयमा प्रधानमन्त्री दाहाल र फिक्कीका पदाधिकारीले छलफल गरेका हुन् ।

सो अवसरमा प्रधानमन्त्री दाहालले नेपाल भारतीय लगानीकर्ताका लागि उपयुक्त देश भएको उल्लेख गर्दै पर्यटन, ऊर्जा, कृषिलगायतका क्षेत्रमा लगानी गर्न आग्रह गरे । उनले काठमाडौँमा सम्पन्न तेस्रो लगानी सम्मेलनका क्रममा नेपालले कानुनी संरचनालाई व्यापक सुधार गरेर लगानीका लागि उपयुक्त वातावरण सिर्जना गरेको बताए ।

'लगानी सम्मेलनका क्रममा हामीले विभिन्न कानुन अध्यादेशबाट संशोधन गरेका छौं, त्यसले लगानीका क्षेत्रमा संरचनागत एवं संस्थागत सुधार भएको छ,' प्रधानमन्त्री दाहालले भने, 'लगानीका लागि उपयुक्त वातावरण सिर्जना भएको छ, ढुक्क भएर लगानी गर्न आग्रह गर्दछु ।' उपभोक्ता दृष्टिकोणले पनि नेपाल लगानीका लागि उपयुक्त थलो भएको उनको भनाइ छ ।

भारत सरकारसँग १० वर्षमा १० हजार मेगावाट विद्युत् बिक्री गर्ने दीर्घकालीन सम्झौता भइसकेको अवस्थामा नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न उपयुक्त हुने सुझाव दिँदै प्रधानमन्त्री दाहालले ठूला जलविद्युत् आयोजना लगानीका लागि तयारी अवस्थामा रहेको जानकारी दिए ।

सो अवसरमा फिक्कीका अध्यक्ष डा. अनिस शाहले नेपालको ऊर्जा, पर्यटन र सौर्य ऊर्जाका क्षेत्रमा आफू र आफ्ना सदस्यहरू लगानी गर्न इच्छुक रहेको बताए । प्रधानमन्त्री दाहालले लगानीका लागि लिएको तदारुकतालाई आफूहरूले नजिकबाट अध्ययन गरिरहेको उल्लेख गर्दै अध्यक्ष शाहले नेपालमा लगानीका लागि उत्साहित रहेको बताए । *(राससको सहयोगमा)*

# सेञ्चुरी बैंकका तत्कालीन अध्यक्ष श्रेष्ठसहित नौजना पक्राउ

**काठमाडौं (प्रस)-** सेञ्चुरी बैंकका तत्कालीन अध्यक्ष राजेश श्रेष्ठसहित नौ जना पक्राउ परेका छन् । केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को टोलीले ठगी मुद्दामा अनुसन्धानका लागि उनीहरूलाई पक्राउ गरेको हो ।

सिआइबीका प्रवक्ता एवं प्रहरी उपरीक्षक होबिन्द्र बोटगीले दिएको जानकारीअनुसार तत्कालीन अध्यक्ष श्रेष्ठसँगै सुनिलकुमार न्यौपाने, प्रा.डा. गीता प्रधान, रमेशकुमार निरौला, रणबहादुर श्रेष्ठ, राजेशकुमार दली, उमाकुमारी श्रेष्ठ, शिवगोपाल रिसाल तथा अभिषेक बज्राचार्यलाई पक्राउ गरिएको छ । 'ठगीको मुद्दामा अनुसन्धानका लागि सेञ्चुरी बैंकका नौजना पक्राउ परेका छन्, अभिषेक बज्राचार्यलाई सुनसरीबाट आज पक्राउ गरिएको हो ।' यसअघि कमसल धितोमा बढी कर्जा प्रवाह गरेको आरोपमा गत फागुन १५ गते सेञ्चुरी बैंकका तत्कालीन प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोज न्यौपाने र तुलसी गौतमसहितका अन्य कर्मचारी पक्राउ परेका थिए ।



सेञ्चुरी बैंकमा रहँदा कमसल धितोमा दुई अर्ब ११ करोड ६५ लाख ५५ हजार रूपैयाँ कर्जा प्रवाह गरेको सिआइबीको अनुसन्धानले देखाएको छ । उक्त ऋण धितोभन्दा ९७ करोड ४१ लाख ७० हजार ७७२ रूपैयाँले बढी पाइएको सिआइबीको दाबी छ । बयानपछि पक्राउ परेका सबै गत चैतमा हाजिर जमानीमा छुटेका थिए ।

हाल सेञ्चुरी बैंक प्रभु बैंकमा गाभिइसकेको छ । देउराली बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष रवीन्द्र चौलागाईंको योजना र मिलेमतोमा सेञ्चुरी बैंकका तत्कालीन चिफ क्रेडिट अफिसर राजेश भण्डारी, तत्कालीन सिइओ न्यौपाने, त्यसअघिका सिइओ गौतमलगायतका व्यक्तिले कमिसन लिई कम धितो राखेर बढी ऋण प्रवाह गरी बैंकलाई हानि नोक्सानी पुर्‍याएको आरोप छ ।

बचतकर्ताको सात अर्ब रूपैयाँ हिनामिनाको आरोप लागेका देउरालीका अध्यक्ष चौलागाईं अहिले प्रहरी हिरासतमा रहेका छन् । देउराली सहकारी र रवीन्द्र चौलागाईंका विभिन्न कम्पनीलाई कमसल धितोकै आधारमा बैंकबाट कर्जा प्रवाह गरी घोटाला गरेको उनीहरूमाथि आरोप लागेको छ ।

# एसइईको नतिजा असार दोस्रो सातभित्र

**भक्तपुर-** राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा असार दोस्रो साताभित्र सार्वजनिक गर्ने गरी काम भइरहेको जनाएको छ । परीक्षा नियन्त्रक नन्दलाल पौडेलले कार्यालयले तयार पारेको कार्ययोजनाअनुसार उत्तरपुस्तिका परीक्षण र अंकभार प्रविष्ट गराउने काम सकिएको जानकारी दिएका हुन् ।

उनले कार्ययोजनाअनुसार काम भइरहेकाले असार दोस्रो साताभित्र नतिजा सार्वजनिक गर्ने गरी अन्य काम तीव्र गतिमा भइरहेका बताए । 'हामीले उत्तरपुस्तिका परीक्षण र अंक अभिलेखको काम सकेका छौं । प्राविधिक त्रुटि नदेखिए केही दिन अगाडि नै नतिजा प्रकाशित गर्न र कुनै समस्या भए दोस्रो साताभन्दा पर नजाने गरी काम भइरहेको छ । कर्मचारीका विभिन्न समूह बनाएर काम भइरहेकाले निर्धारित समयमै नतिजा सार्वजनिक गर्छौं,' उनले भने । उनले ५२ वटा परीक्षण केन्द्रमा उत्तरपुस्तिका परीक्षण गरिएको जानकारीसमेत दिए ।

गत वर्ष असार २४ मा एसइईको नतिजा सार्वजनिक गरेको बोर्डले यस वर्ष १४ दिन अगावै नतिजा सार्वजनिक गर्नेगरी तयारी गरेको उनले बताए । परीक्षा नियन्त्रक पौडेलले यस वर्ष सैद्धान्तिक र प्रयोगात्मकलाई फरक गरेर नतिजा सार्वजनिक गरिने बताए ।

यस वर्षको नतिजामा विद्यार्थीले सैद्धान्तिकतर्फ ७५ अंकको परीक्षामा ३५ प्रतिशत अर्थात् २७ अंक अनिवार्य ल्याउनैपर्ने अन्यथा फेल भएसरह मानिने बताए । गत चैत १५ गतेदेखि सुरु भएको यस वर्षको परीक्षामा नियमिततर्फ चार लाख ६७ हजार र ग्रेड वृद्धितर्फ २१ हजार विद्यार्थीले परीक्षा दिएका छन् । *रासस*

# चितवनमा रगत पाउनै मुस्किल

**चितवन-** भरतपुरस्थित क्षेत्रीय रक्तसञ्चार केन्द्रले यही जेठ १५ मनाङमा पुगेर रक्त संकलन कार्यक्रम आयोजना गर्‍यो । स्थानीय श्वेता रक्तदाता अभियानले संकलन गरेको ५५ युनिट रगत लिएर केन्द्रका प्राविधिक फर्किए ।

चैत र वैशाख महिनामा मात्र पोखराको प्रादेशिक रक्तसञ्चार केन्द्रबाट दुई हजार युनिट रगत भरतपुर ल्याइयो । अहिले रगतको अभाव टार्न पोखरालगायतका केन्द्रमा अनुरोध गरिएको भए पनि रगत पाउन सकिएको छैन । केन्द्रका प्रमुख रमेशकान्त पौडेल रगतको माग सहज बनाउन निरन्तर लागिरहेको भए पनि कठिन हुँदै आएको जानकारी दिए । केन्द्रले जिल्लासहित मकवानपुर, बारा, रौतहट, सर्लाही, धादिङ, लमजुङ, तनहुँ, गोरखा, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)मा पुगेर रगत संकलन गर्ने गरेको छ ।

विगतका तुलनामा रगत संकलन घट्दो रहेको छ भने माग बढ्दो छ । उनका अनुसार गत आर्थिक वर्षमा २७ हजार १०४ युनिट रगत संकलन गरिएको थियो । केन्द्रमा नै गएर प्रदान गरिको रगतको युनिट पाँच हजार ८३५ थियो । केन्द्रले विगतमा ३५ हजार युनिटसम्म रगत संकलन गर्ने गरेको थियो । रक्त संकलन क्रमशः घट्दै गएको केन्द्रले जनाएको छ ।

नेपाल रेडक्रस सोसाइटी चितवन शाखाद्वारा केन्द्र सञ्चालित छ । शाखाका सभापति हरि पौडेल अधिकतम प्रयास गरेर रगतको मागलाई धान्दै आएको बताउँछन् । दैनिक १०० देखि १५० युनिटसम्म रगत यहाँ माग हुने गर्दछ । बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, दुई मेडिकल कलेज, भरतपुर अस्पताल र निजी अस्पतालमा रगतको माग हुने गर्दछ । संकलन भएको रगतलाई रक्ततत्त्व छुट्याएर एक युनिट रगतले दुई जना बिरामीको आवश्यकतालाई पूर्ति गरिँदै आएको छ । सभापति पौडेल युवाहरूको पलायन अवस्था, रक्तदानसम्बन्धी उत्प्रेरणाको कमी, अहिलेको अवस्था निकै गर्मी हुनु, ज्वरोलगायतका रोग देखिनु, खानपानलगायतका कारण युवा अवस्थामा नै दीर्घरोग देखिनुजस्ता कारण रगत संकलनमा कमी आएको बताउँछन् । यससँगै रक्तदानसम्बन्धी कार्यक्रम हुँदासमेत रगत कम संकलन हुने गरेको जनाइएको छ । *रासस*


## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **Kapeel Manpower Pvt. Ltd.** (ई.प.नं.१८५/०५७/०५८) मा कार्यरत **Sabina Shrestha, Harinarayan Chaudhary** र **Rebati Kattel** ले आफ्नो व्यक्तिगत काम विशेषका कारण हाल यस कार्यालयमा कार्यरत नरहेको हुनाले निजहरूसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजहरूसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

श्रम इजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np


## मालपोत कार्यालय सोलुखुम्बुबाट प्रकाशित हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

आसपती राईको नाती तुल बहादुर राईको छोरा कोशी प्रदेश सोलु जिल्ला साविक जुबु गा.वि.स. वडा न. ७ भई परिवर्तित थुलुङ दुधकोशी गाउँपालिका वडा नं. ७ बस्ने ना.प्र.नं. १४७।२८८।१४६५ जारी मिति २०४४।१०।१२ सोलुखुम्बुको वर्ष ५८ को हेम कुमार राईले मेरो मामा सेर बहादुर राईको मिति २०५०।०१।०५ मा तथा माइजु श्याम लक्ष्मी राईको मिति २०७५।०७।०१ मा नि: सन्तान रुपमा मृत्यु भईसकेको । मामा माइजु जीवित हुँदा पालनपोषण, हेरचाह, उपचार तथा मृत्युपछि हाम्रो सामाजिक परम्पराअनुसार काजक्रिया समेत मैले नै गरेकोले मृतक माइजुको नाममा श्रेस्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गाहरु मेरो एकलौटी नाममा नामसारी गरी पाउ भनी द.न. २३६५ मिति २०८१।०२।२० को निवेदनबाट माग दावी गरेकाले माग बमोजिम निवेदकका नाममा नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए ठोस सवुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटाको म्यादबाहेक ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी कानुन उजुर गर्न आउनु होला । अन्यथा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपशील**

निवेदकले श्रेस्ता कायमका लागि दावि गरेका जग्गाको विवरण

| क्र. सं. | जिल्ला | | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सोलुखुम्बु | जुबु | ६ | ३३४, ४३५, ९०३ र ९४२ | २१७०, १५००, ५६५ र २४०० | जग्गाधनी नि: सन्तान मृत्यु भईसकेको । |
| | सोलुखुम्बु | जुबु | ७ | ६४९ | ५६५ | जग्गाधनी नि: सन्तान मृत्यु भईसकेको । |

इति संवत् २०८१ साल जेष्ठ महिना २५ गते रोज ०६ शुभम्......।

**Government of Gandaki Province**
**Ministry of Physical Infrastructure Development &Transport Management**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office**
**Baglung**
**Gandaki Province**

## NOTICE OF INTENT OF ACCEPTANCE

**(Date of Publication 2081-02-29 (11th June, 2024)**

For the provision on sub clauses 27.2 and 27.3 of public Procurement Act 2063, this is to notify all Bidders who submitted their bids for the contract below, that the follow mentioned Lowest evaluated substantially responsive bidder is intended to award the Contract.

| S. No | Name of Project | Contract ID | Lowest evaluated Substantially Responsive Bidder | Bid Amount (Including VAT and PS) |
|---|---|---|---|---|
| 1 | Upgrading of Kusmisera-Rangkhani-Namdhuk-Bareng-Santipur Road (Remaining section) | IDOBAGLUNG/NCB/W/R/059/2080/81 | ANS-RB J.V. Lumbini, Nepal | 11,49,35,014.54 |
| 2 | Upgrading of Jaljala Sisakhani Road, Badigad 3 & 4 , Baglung | IDOBAGLUNG/NCB/W/R/060/2080/81 | SARBA SHAKTI MAHAMAYA NIRMAN SEWA PVT. LTD., Tokha, Kathmandu-08 | 9,01,59,180.95 |


## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONFIDENCE GROUP LLC

पूर्व स्वीकृति मिति: २०८०/१०/२५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२८ LT. No. 299629 चलानी नं. ६०२१४५५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading | 30 | 0 | 120 | ४२,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

प्रि- अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ३१, ३२ र असार १ गते (13/14/15 June. 2024) मा हुनेछ ।

फाइनल अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ९ गते (23rd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००४/०६८/०६९

**Nepal Recruitment Consultancy Pvt. Ltd.**
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4585649/ 4585648/ 4585647



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROYAL MALABAR EASTERN COMPANY

पूर्व स्वीकृति मिति: २०८०/०९/२४ पुन विज्ञापन स्वीकृति मिति: २०८१/०२/२७ LT. No.297739 चलानी न. ६०२१२८३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 5 | 0 | 1500 | ५६,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३ गते (17th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 297739 मिति: २०८१/०२/२८ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Sulav Recruitment Pvt.Ltd.**
Maharajgunj, sankhapark, Kathmandu Nepal,
Telephone : +977 1 5903011/5903012
Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com
Govt. License No. 1336/074/075



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAYATUNA FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८०/११/०८ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२८ LT. No.300183 चलानी नं. ६०२१५२०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Application Manager | 0 | 1 | 6000 | २१९,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 2000 | ७३,०५० | | | | | | | |
| 3 | General Clean Worker | 2 | 0 | 1200 | ४३,८३० | | | | | | | |
| 4 | Labour | 3 | 0 | 1200 | ४३,८३० | | | | | | | |
| 5 | Project Manager | 0 | 1 | 6000 | २१९१,१५० | | | | | | | |
| 6 | Technician | 1 | 0 | 1200 | ४३,८३० | | | | | | | |
| 7 | Tile Maker | 1 | 0 | 1200 | ४३,८३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ४ गते (18th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SEAZEN HOSPITALITY RESTAURANTS ADN MANAGEMENT & CATERING CO.

पूर्व स्वीकृति मिति २०८०/०७/१४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२८ LT. No. 294466 चलानी नं. ६०२०९६२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 40 | 0 | 125 | ५४,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner / Steward | 50 | 0 | 110 | ४७,६५५ | | | | | | | |
| 3 | Hostess | 0 | 20 | 150 | ६४,९८० | | | | | | | |
| 4 | Waiter | 0 | 15 | 135 | ५८,४८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ४ गते (18th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्क: नि:शुल्क/-

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

श्रम ईजाजत नं. ८२२/०६६/०६७

**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com| URL: www.vnvnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HEMAM AL-ROWAD FOUNDATION FOR SECURITY AND SAFETY

पूर्व स्वीकृति मिति २०८१/०२/२८ LT. No. 305859 चलानी नं. ६०२२०९१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 2 | 0 | 1000 | ३६,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : JMRAN OPERATION AND MAINTANANCE

पूर्व स्वीकृति मिति २०८१/०२/२७ LT. No. 306136 चलानी नं. ६०२२०८८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 50 | 0 | 1000 | ३६,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : JMRAN OPERATION AND MAINTANANCE

पूर्व स्वीकृति मिति २०८१/०२/२७ LT. No. 306135 चलानी नं. ६०२२०८८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 80 | 0 | 1000 | ३६,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ४ गते (18th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### समावेशी आयोग नै असमावेशी भएपछि...

**राष्ट्रिय समावेशी आयोग । यो नाम नै काफी छ, यसको कार्यक्षेत्र बुझ्न । मुलुकको संविधानमा भएको समावेशी नीतिलाई कार्यान्वयन गर्न आवश्यक काम गर्ने जिम्मेवारीसहित यो संवैधानिक आयोग बनेको हो । तर, नामअनुसारको काम समावेशी आयोगले गर्न सकेको छैन । यो आयोगमाथिको आरोप होइन, उसको हालसम्मको गतिविधिबाटै पुष्टि भएको छ । समावेशी आयोगले संविधानको मर्मअनुसार काम नगरेको गुनासो यसअघि विभिन्न जाति समुदायका अगुवाहरूबाट सुनिन्थ्यो । आयोगले आफ्नो कार्यभार बिर्सेर कतिपय प्रतिगामी निर्णयसमेत गरेको आरोपसमेत ती समुदायबाट आएको थियो । ती आरोपहरू र आयोग स्वयंको कार्यशैलीबाट उक्त अयोगको औचित्यतामाथि नै प्रश्न उठेको थियो ।**

**सोमबार सांसदहरूले नै आयोगमाथि प्रश्न उठाएका छन् । प्रतिनिधिसभाअन्तर्गतको महिला तथा सामाजिक मामिला समितिको बैठकमा सहभागी सांसदहरूले समावेशी आयोगले अहिलेसम्म गरेका काम परिणाममुखी नभएको भन्दै प्रश्न उठाएका हुन् । 'नेपालमा सामाजिक समावेशीकरणको वर्तमान अवस्था र राष्ट्रिय समावेशी आयोगले खेलेको भूमिका' सम्बन्धमा गरिएको छलफलमा सांसद रोशन कार्कीले आयोगले अध्ययन कार्य गरिरहेको भनिएका विषयको प्रभाव र परिणाम के आयो ? भन्नेबारेमासमेत खुलाउनुपर्ने बताए । उनले आयोगले तयार पारेको कार्यपत्रप्रति असन्तुष्टि व्यक्त गर्दै अब परिणाम चाहिने बताए ।**

**सांसद आशा विकले सरकारले जुन उद्देश्यका साथ आयोग गठन गरेको त्यसअनुरूप कार्यसम्पादन हुन नसकेको बताइन् । उनका अनुसार समावेशी आयोगले उद्देश्यअनुरूप भूमिका खेलेको देखिँदैन । बजेट अभाव, जनशक्तिको कमीलगायत समस्या देखाएर आयोग पन्छिन नमिल्ने उनको भनाइ थियो । सांसद ईश्वरबहादुर रिजालले समावेशी आयोग समाजको सबैभन्दा पिँधमा परेका समुदायप्रति बढी जवाफदेही र कर्तव्यनिष्ठ हुनुपर्ने सुझाव दिए । समाजको बहिष्करणमा परेका दलित समुदायलाई आयोगले कसरी अन्तरघुलन गराउन सकिन्छ भन्ने विषयमा कार्ययोजना बनाउनुपर्नेमा उनले जोड दिए ।**

**समितिको बैठकले समावेशी आयोगको काम परिणाममुखी बनाउन निर्देशन दिएको छ । यो निर्देशनलाई आयोगले कति पालना गर्छ, त्यो हेर्न बाँकी नै छ । यद्यपि, आयोगकी अध्यक्ष अध्यक्ष विष्णुकुमारी ओझाले आयोगले सीमित बजेट तथा स्रोतसाधनमा थुप्रै जिम्मेवारी पूरा गर्नुपरेको दाबी गरिन् । समाजमा पछि परेका विभिन्न सुमदाय र वर्गको अवस्थामाथि अनुसन्धान भइरहेको उनको भनाइ थियो ।**

**त्यसो त आयोग आफैंमा नै असमावेशी बनेको छ । आयोगका पदाधिकारीहरू हेर्दा प्रस्ट हुन्छ त्यहाँ कति समावेशी छ भन्ने । एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारले नियुक्त गरेका पदाधिकारीहरूले साँच्चिकै समावेशी नीति बुझेका छन् त ? समावेशिताका लागि लडेका र जसलाई समावेशी नीतिको आवश्यकता छ ती समुदायको प्रतिनिधित्व अयोगमा नहुनु विडम्बना हो । त्यसैले अब आयोगको पुनःसंरचना गरेर यसको कामलाई परिणाममुखी बनाउन जरुरी छ ।**

# किन ओझेलमा पर्‍यो दलित इतिहास ?



■ राजकुमार दिक्पाल

> नेपालका दलित उत्पीडितहरु नेपालका सीमान्तकृत र आवाजविहीन वर्गमा पर्छन् । तर सबाल्टर्न दर्शनले इतिहास लेखनमा सीमान्तकृत र आवाजविहीनहरूलाई मात्रै समेट्नुपर्छ भन्ने मान्यता राख्दैन । जसरी इतिहास निर्माणमा मुख्य नायकको भूमिका हुन्छ, उसको नेतृत्वलाई सफल बनाउन निम्न तहका कार्यकर्ताको पनि उत्तिकै महत्वपूर्ण भूमिका हुने हुँदा उनीहरूको भूमिकालाई पनि इतिहास लेखनमा समुचित स्थान दिइनुपर्ने धारणा सबाल्टर्न दर्शनले बोकेको छ ।

हाम्रो देशमा इतिहासका विविध विषय छन् । कयौं विषय यस्ता छन्, जो लेख्न बाँकी नै छ । देख्दा साधारण जस्ता लाग्ने तर कतिपय गम्भीर विषयहरूमाथि नेपालका इतिहासकारहरूको कलम चलेको पाइँदैन । यस्ता गम्भीर विषयमध्ये एक हो, दलित उत्पीडितहरूको इतिहास । दलित उत्पीडितहरूको इतिहास लेखनका लागि स्वयं यस समुदायका इतिहासकारको उपस्थिति नदेखिँदा र गैरदलित समुदायका इतिहासकारले उनीहरूको इतिहासको खोजी र लेखनप्रति उत्साह नदेखाउँदा नेपालका दलितहरूको इतिहास ओझेलमा पर्न पुगेको छ । युगौंदेखि छुवाछूतको मारमा परेको यो समुदायको सवालको प्राज्ञिक उत्थानका लागि पनि उनीहरूको छुट्टै इतिहास लेखनको आवश्यकता देखिन्छ ।

छुवाछूतको प्रचलन कहिलेदेखि चल्यो, कुन कारणले यी श्रमिक र सिल्पी समुदायलाई छुवाछूतको सिकार बनाइयो भन्ने बहस त भइरहेकै छ । उनीहरूको उत्थान र मुक्तिका लागि सरकारी तथा गैरसरकारी तहबाट केही प्रयासहरू भइरहेकै छन् । तर इतिहास लेखनमार्फत पनि दलित तथा उत्पीडित वर्गलाई जुन प्रकारले प्राज्ञिक जगतबाट सम्बोधन हुनुपर्ने हो, यस्तो प्रयास भने हुन सकेको छैन । त्यसैले दलित उत्पीडित समुदायको छुट्टै इतिहास लेखन आजको एक प्राज्ञिक आवश्यकता हुन पुगेको छ ।

दलित उत्पीडितहरूको इतिहास लेख्ने क्रममा सोही समुदायका बौद्धिक व्यक्तित्वहरू पद्मलाल विश्वकर्मा, यामबहादुर किसान, रविमान लम्जेल र गणेश विकेको संयुक्त लेखनमा 'नेपाली दलित आन्दोलनको संक्षिप्त इतिहास' (२०६३) प्रकाशित भएको पाइन्छ । यस पुस्तकले पृथ्वीनारायण शाहको समयमा सक्रिय बिसे नगर्ची, यखाजंग विश्वकर्मालगायतका अगुवाहरूको सक्रियतालाई छिटपुट रूपमा समेटेर हालसम्म भएका दलित आन्दोलनको चर्चा गरेको छ ।

इतिहासको स्रोतका रूपमा शिलालेखहरूको उपलब्धताको हिसाबले इतिहासकारहरूले लिच्छवीकाललाई स्वर्णयुग मान्दै आएका छन् । इतिहासकारहरूले काल निर्धारण गरेअनुसार नेपाल संवत् सुरू हुनुभन्दा अघिको काललाई प्राचीनकाल, त्यसपछि मध्यकाल र पृथ्वीनारायण शाहको समययतादेखिको काललाई आधुनिककाल मान्दै आएका छन् । यसअनुसार प्राचीनकाल र मध्यकालको इतिहास लेख्ने इतिहासकारहरूले दलितहरूको अवस्थाबारे ऐतिहासिक विवेचना गरेको त्यति पाइँदैन । नेपाली इतिहासको खोजीले त्यसतर्फ पनि चासो राख्ने ठाउँ प्रशस्तै रहेको छ । पृथ्वीनारायण शाहकालीन बिसे नगर्चीबारे पनि गम्भीरतापूर्वक इतिहास खोजी हुनै बाँकी छ ।

### बिसे नगर्चीः ऐतिहासिक व्यक्तित्व

पृथ्वीनारायण बिसे नगर्चीलाई नाटक, कविता आदिको माध्यमबाट चर्चाको चुलीमा पुर्‍याइँदै आएको छ । त्यसैले उनी कतै साहित्यिक विधाको पात्र मात्रै त होइन भन्ने भ्रम पनि पर्न जान्छ । तर बिसे नगर्ची पृथ्वीनारायण शाहको समयमा भएका विभिन्न युद्धहरूको मोर्चामा सक्रिय एक योद्धा पनि थिए भन्ने ऐतिहासिक तथ्य विभिन्न स्रोतहरूमा पाइन्छ । उनी १८०१ सालमा नुवाकोटको युद्धमा तीनधारेतिरबाट बढेको युद्धमोर्चामा पृथ्वीनारायण शाहका साथ सामेल थिए । गोरखालीहरूले असोज १५ गते नुवाकोट जित्दा विजयोत्सवमा बिसे नगर्चीले नगरा घन्काउँदा उनलाई बानादार दमाई र मणिराम गाइनेले साथ दिएका थिए ।

वि.सं. १८१२ मा साउनमा लमजुङसँग सिरानचोकमा गोरखालीको युद्ध हुँदा त्यहाँ पनि बिसे नगर्ची सक्रिय थिए । युद्धमा गोरखालीको जित हुँदा हारेका लमजुङे सैन्य अधिकारीहरूको अपमान गर्न बिसे नगर्चीको धोती टाँगेर उनीहरूलाई धोतीमुनि छिर्न लगाई बेइज्जत गरिएको ऐतिहासिक प्रसंग भाषा वंशावलीमा पढ्न पाइन्छ ।

अहिले पनि बिसे नगर्चीका सन्तति गोरखामा रहेका छन् । उनीहरूसँग बिसे नगर्चीको नाम उल्लेख भएको रुक्का सुरक्षित रहेका छन् । तीमध्ये १८४६ माघ सुदी १५ मा जारी रुक्कामा 'केही जग्गा जमिनको जागिर विस्याको नाउमा गयाको रहेछ, त्यो जग्गा उसैको छोरो दुब्ल्यालाई बक्स्यौं' भन्ने प्रसंग परेको छ । यसअनुसार बिसे नगर्चीको छोराका नाम दुब्ल्या अर्थात् दुब्ले रहेको देखिन्छ । यस्ता ऐतिहासिक स्रोतहरूबाट पनि बिसेलगायतका ऐतिहासिक व्यक्तित्वहरूको छुट्टै इतिहासको खोजी गर्न सकिन्छ ।

### जंगबहादुरको दृष्टिमा दलित

दलित उत्पीडित समुदायको इतिहासको खोजीका क्रममा तत्कालीन शक्तिशाली प्रधानमन्त्री जंगबहादुर राणाको एक अभिव्यक्तिलाई गम्भीरतापूर्वक नियाल्नु जरुरी छ । दलितहरूको सीप, श्रम र सिर्जनाका बारेमा जंगबहादुर गम्भीर र संवेदनशील थिए । उनले दलित समुदायको महत्त्वलाई बुझेका थिए । यसबारेमा उनले आफू बेलायत भ्रमणका बेला यता कार्यवाहक प्रधानमन्त्री रहेका आफ्ना भाइ बमबहादुरलाई आफ्नै हस्ताक्षरमा लेखेको पत्रलाई उदाहरणका रूपमा लिन सकिन्छ ।

त्यसबेला उनले आफ्ना भाइलाई लेखेको पत्रमा कामी, सार्की, दमाई, कर्मीहरूको जागिर नखोस्नू भन्ने आदेश दिएका छन् । पत्रमा 'कामी, सार्की, दमाई, कर्मी खोसे इलम पनि बिग्रन्छ । कारखाना पनि बिग्रन्छ । कोते, पिपा, जमादार, खलासी एक पनि नखोसेस् । यिनलाई खोस्नु बडो अनविवेक हुन्छ, किनभने यी थोरै खाई धेरै काम गर्छन्' भन्ने परेको छ । यताबाट हेर्दा दलित उत्पीडितले थोरै ज्याला लिएर धेरै र राम्रो काम गर्ने भएकोले उनीहरूको जागिर खोसिदिदा कारखाना चल्न नसक्ने र त्यस्तो काम गर्नु विवेकसम्मत नहुने धारणा जंगबहादुरको रहेको देखिन्छ ।

दलित उत्पीडितहरूको श्रम र सीपले सामान्य नागरिकको दैनिक जीवनमा उपयोग हुने सामग्रीको आपूर्ति त हुन्थ्यो नै, अझ जंगबहादुरको समयमा स्वचालित उपकरणहरूको विकास भइनसकेको अवस्थामा हातैले काम गरेर सैन्य प्रयोजनका हतियार कारखाना चलाउनुपर्ने अवस्था थियो । हतियारका लागि फलामको काम अनिवार्य हुन्थ्यो । यस्ता कारखानामा छालाको काम पनि अनिवार्य थियो । त्यसैले त्यसबेला मेगेजिन अड्डा नाम दिइएको हतियार कारखानामा आरन फाँट र सार्की फाँट हुन्थ्यो । सैनिकहरूका लागि जंगी पोसाक तयार गर्न दमाईहरूको श्रम र सीपको प्रयोग हुन्थ्यो ।

त्यसबेला सरकारबाट कर उठाउनका लागि जारी भएका ऐतिहासिक कागजपत्रहरूमा कम्पु तथा मेगेजिन करबारे उल्लेख छ । कम्पु भनेको सैनिक पल्टन हो भने मेगेजिन अड्डा भनेको हतियार कारखाना हो । यस्तै पुराना कागजपत्रहरूमा सार्कीको पलेटी, कामीको ताल, दमाईको सुजेरो भन्ने पनि उल्लेख गरिएको पाइन्छ । यी सबै दलित तथा उत्पीडित समुदायका श्रमिकहरूले गर्ने कामहरू हुन् । दलित तथा उत्पीडित समुदायको श्रम र सीपलाई राम्ररी नियालेका जंगबहादुरले हचुवाको भरमा कामी, सार्की, दमाईको जागिर नखोस्नू, उनीहरूको जागिर खोसिए इलम पनि बिग्रन्छ, कारखाना पनि बिग्रन्छ भनेका होइनन् ।

### सबाल्टर्न दर्शनको उपयोग

नेपालमा इतिहास लेखनलाई राजा महाराजाको कथा भन्नेहरूको संख्या प्रशस्तै छ । हुन पनि नेपालमा जे जति इतिहास लेखिए, तीमध्ये अधिकांशले राजा महाराजा वरिपरि फेरो मारेको देखिन्छ । विगतमा जे जस्ता घटनाहरू छन्, तिनीहरूको तथ्यपूर्ण प्रस्तुति नै इतिहास हो । इतिहासकारहरूले जनस्तरको इतिहास लेखनलाई प्राथमिकतामा नराखेकै हुन् । त्यसैले बारम्बार प्रश्न उठ्ने गरेको छ, खोई जनताको इतिहास लेखेको ?

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको पनि डेढ दशक नाघिसकेको छ । अब पनि जनस्तरको इतिहासको खोजीले प्राथमिकता नपाए कहिले पाउने ? तिनै जनस्तरको इतिहासको अध्ययन क्षेत्रभित्र दलित उत्पीडितहरूको इतिहास पनि पर्छ । तर यसतर्फ गम्भीरतापूर्वक चिन्ता र चासो देखापरिरहेको छैन । केवल नारा जुलुस, आमसभा र गोष्ठीहरूले मात्रै दलित उत्पीडितहरूलाई न्याय दिलाउन सक्दैन । उनीहरूका लागि इतिहासको खोजीबाट पनि प्राज्ञिक न्याय प्रदान गर्न सकिन्छ ।

दलित उत्पीडितहरूका लागि इतिहास लेखनमा देखापरेको पछिल्लो दर्शन सबाल्टर्न दर्शन उपयोगी देखिन्छ । सबाल्टर्न शब्दको प्रयोग गर्ने पहिलो व्यक्ति इटालियन चिन्तक एन्तोनियो ग्राम्सी हुन् । उनले यो शब्द तल्लो तहका मानिसहरूलाई जनाउन लागि प्रयोग गरेका थिए । इतिहास लेखनमा निम्न स्तर, सुविधाविहीन, उपेक्षित, सीमान्तकृत, अल्पसंख्यक, आवाजविहीन तथा कमजोर अवस्थामा रहेका समुदायका विषयलाई पनि यथोचित रूपमा समेट्नुपर्छ भन्ने दर्शन नै सबाल्टर्न दर्शन हो । इतिहास लेखनमा यो दर्शनलाई व्यवहारमा लागू गर्नेमध्ये भारतीय इतिहासकार रन्जित गुहा मुख्य मानिन्छन् ।

नेपालका दलित उत्पीडितहरू नेपालका सीमान्तकृत र आवाजविहीन वर्गमा पर्छन् । तर सबाल्टर्न दर्शनले इतिहास लेखनमा सीमान्तकृत र आवाजविहीनहरूलाई मात्रै समेट्नुपर्छ भन्ने मान्यता राख्दैन । जसरी इतिहास निर्माणमा मुख्य नायकको भूमिका हुन्छ, उसको नेतृत्वलाई सफल बनाउन निम्न तहका कार्यकर्ताको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका हुने हुँदा उनीहरूको भूमिकालाई पनि इतिहास लेखनमा समुचित स्थान दिइनुपर्ने धारणा सबाल्टर्न दर्शनले बोकेको छ ।

नेपालको इतिहास लेखनमा राजा महाराजारूपी नायकहरूलाई मात्रै स्थान दिइँदा उनीहरूलाई सफल बनाउने तल्लो तहका मानिसहरूको इतिहासलाई विस्मृत बनाउनुलाई कुनै पनि हालतमा न्यायोचित मान्न सकिन्न । पृथ्वीनारायण शाहलाई नेपालका इतिहासकारहरूले जुन ढंगले इतिहास लेखनमा स्थान दिए तर उनलाई सफल बनाउने बिसे नगर्चीलाई उनीहरूले गौण ठानिदिए । उनको विषयमा छुट्टै इतिहास लेख्न इतिहासकारहरूको कलम खासै उत्साहित भएको देखिएन ।

यसरी पनि दलित उत्पीडितहरूको इतिहास ओझेलमा पर्न गएको छ । अब दलित उत्पीडितहरूको इतिहासको खोजी र लेखनले पनि उचित स्थान पाउन जरुरी छ । यसका लागि स्वयं दलित उत्पीडित वर्गबाट पनि इतिहासकारहरू तयार हुनु आवश्यक छ । अरुको भरले होइन, अब आत्मनिर्भरताले तथ्यपूर्ण इतिहास लेखिनुपर्छ । *रासस*

*(लेखक इतिहास अध्ययन तथा लेखनमा सक्रिय छन्)*

## मननयोग्य

### चाणक्य नीति

भगवान् बुद्धले भन्नुभयो- 'झट्टै यहाँ एउटा अत्यन्तै ठूलो सहर बस्नेछ । तर, त्यसमा आगो, पानी र ग्रहहरूका कलहले गर्दा सदैव भय रहनेछ ।' भगवान् बुद्धद्वारा भनिएको भयको वातावरणरूपी भविष्यवाणी सत्य सावित भयो । अजातशत्रुका छोरा उदयनले गंगा र क्षोण नदीको किनारामा पाटलीपुत्र (पटना) नामक सहरको स्थापना गरे । वास्तुकलाका पारंगत पं. महागोविन्दद्वारा पाटलीपुत्रलाई मगधको नयाँ राजधानी बनाइयो । यसै पाटलीपुत्रको बनाइएको मगधको साविकको राजधानी राजगिरीलाई छाडेर नवनिर्मित राजसिंहासनमा बस्ने नन्दवंशका प्रथम शासक महापद्म नन्दले एउटा विशाल साम्राज्यको स्थापना गरे । यही मगध साम्राज्य नन्देवंशका अन्तिम राजा धनानन्दको हातमा पर्‍यो । यसै प्रसंगलाई इतिहासले चाणक्य प्रादुर्भाव हुनुभन्दा लगत्तै पहिलेको अवस्थालाई इंगित गरेको पनि छ ।

इतिहासका धेरै पन्नाहरू पल्टाएपछि केही हजार वर्ष पहिलेको यो आर्यावर्त भौगोलिक रूपले हिमालयदेखि द्रविडसम्म र गान्धारदेखि ब्राह्मदेशसम्मको विशाल क्षेत्र भए पनि स-साना राज्यमा टुक्रिएको अवस्थामा रहेको थियो ।

यही आर्यावर्तमा एउटा शक्तिशाली एवम् वैभव-सम्पन्न राज्य छ, मगध । मगधको एक सीमावर्ती सहरमा रहेको एक साधारण घर जसलाई घर नभनेर आश्रम अथवा झुप्रो (झोपडी) भन्नु नै धेरै वेश होला । पक्की पर्खालमा खरका दुई कोठा, माटाले लिपीपोती सफा गरिएको आँगन, बीचमा एउटा जमुनाको रूख, रूखमुनि किलामा बाँधिएकी एउटी गाई आफ्नो बाच्छोसँग उभिएर घाँस खाइरहेकी ।

यसमा बस्छन् एक विद्वान्, तर दरिद्र ब्राह्मण आचार्य चणक ठूलो निधार त्यसमा लगाइएको चन्दनको त्रिपुण्डक, आँखा ठूलाठूला काँधदेखि नाभीसम्म झरेको जनै र शरीरमा एउटा मेखलाजस्तो वस्त्र जो धोतीका रूपमा लगाएका छन् । क्रमशः




# पर्चाकारितामा शुद्धीकरण

जमाना स्मार्ट मोबाइलको छ । मान्छे जेसुकै होस् स्मार्ट मोबाइल भएपछि सबथोक हुन्छ भन्ने छ उसलाई । त्यही भएर मोबाइल तेर्स्याउँदै बन्दु कुडारी मनमा लागेजति फलाक्दै 'लाइभ' भन्दै दगुर्दै हिँड्छ । हावादारी लाइभ भन्दै हिँडेका कारण अस्ति कुडारीको झण्डै गर्धन मालिस भाको रे !

आज पनि उसको ताल त्यही छ । आयु त बजियाको लामै रैछ । आइपुग्यो ! होइन कहाँ दगुरेका छौं हो कुडारी भाइ ?

कहाँ हुनु नि मटचांग्रा दाजु, अस्ति झण्डै हण्डी नै खुस्काका थिए त्यतैतिर गएर आको ।

हैन तिमीले गर्छौं चाहिँ के ?

के गर्नु नि दाजु । थाहा नपाएको जस्तो नगर्नु न ? म त पत्रकार नि । हैन हो कुडारी भाइ, ल भन त पहिले त तिमी पत्रकार हैनौं । अहिले एक्कासि कसरी पत्रकार भयौं ? १० हजारको मोबाइल बोक्यो दगुरेकै भरमा पत्रकार बन्न पाइने हो र भन्या ? नत्र मलाई पनि बताइदिनुपर्‍यो । यस्तो सजिलो हुन्छ भने त ।

हचा दाइ पनि जिस्कनुहुन्छ । कहाँ त्यत्ति सजिलो छ र ? अस्ति झण्डै हण्डी खुस्काका हैनन् भन्या ?

त्यो त थाहा पाएँ । अब तिमी पनि गज्जबकै रिपोर्टिङ गर्दा रै'छौं । अनि तिम्रा हण्डी नचिलाएर कसका चिलाउँछ त ? अहिलेको त भाइ पत्रकारिता भन्दा पनि 'पर्चाकारिता' हो भन्दा ठीक हुन्छ ! पत्रकारिता भन्न न नहुने भइसक्यो । कसलाई लोग्ने स्वास्नी लडे, कसले लोग्ने छाडचो कसले स्वास्नी भगायो त्यस्तो पनि सम्चार हुन्छ ?

दाइले कुरो बुझे पो ! कण्टेण्ट हो के दाइ । अहिले विकास निकासका कुरा छाडिदिनुस् । झचाप्पै कण्टेण्ट हान्दिने हो । भ्युज हेर्नुस् दाइ, अनि पो कुरा हुन्छ त ?

त्यही त कुडारी भाइ, अहिले त भाइहरूको युटचुबमा व्यापक हो नि । त्यसमा चिन्तै मान्नु पर्दैन । भाइहरूको ठूलो संघर्ष छ नि यसमा त । न दर्ता, न ठूलो लगानी ! झचाप्पै मोबाइलबाट च्याप्पै पार्दिगो क्या गज्जबको टिभी ! त्यही भएर भाइहरूलाई शुद्ध गर्न खोज्या रै'छ ।

कहाँ शुद्ध दाइ ?

ल भाइहरूको छाता संस्थाले शुद्धीकरण गर्न खोज्या होइन ? चौतारी-युनियन-सेण्टर महासंघले ? त्यही भएर त चुनाउ हुन सकेन रे त !

ए दाइ पत्रकार महासंघको कुरा गर्नु भाको ?

ल कसरी पत्रकार महासंघको कुरा ? चौतारी-युनियन-सेण्टर सकेसम्म भागबण्डा नसके फण्डै फण्डा गर्ने ठाउँलाई कसरी महासंघ भन्ने त ?

दाजुको कुरा पनि ठीकै हो । त्यही भएर आफूहरू त त्यसमा बसेको पनि छैन ! यतै फण्डा मच्चाउने हो ? यता फण्डाले आफैंलाई केही लाभ हुन्छ त्यो फण्डामा गए नेतालाई मात्र फलिफाप हुन्छ ।

ल भाइहरू गएको भन्दा नगएको ठीकै भो जस्तो लाग्यो अभियान नै शुद्धीकरण छ नि । भाइहरू टच्यूवेहरूलाई त्यहाँ के काम र जानु । साँच्चिकै पर्चाकारिता (पत्रकारिता कसरी भन्नु) गर्नेहरू मात्र बस्ने हो नि त त्यहाँ ? शुद्धीकरण भनेको लेख्ने बोल्नेहरूलाई शुद्ध पार्नका लागि त्यहाँबाट पन्छाउने हो नि त !

कुडारी मटचांग्राका कुरा सुनेर तीन छक्क पर्छ ? हो नि साँच्चै शुद्धीकरण भनेर लेख्नेलाई फाल्देपछि त सतप्रतिशत शुद्धीकरण भईगो नि ?

लौ भन त त्यसपछि त कागको बथान कागसँगै बकुल्लाको बथान बकुल्लासँगै क्या काइदा !

हो हो दाजुले ठीक कुरा गर्नु भो । उही केही केही मसानेहरूले मिसन ८४ भनेजस्तै हो । काम गर्नु छैन । मिसन ८४ भनेर हिँडे जस्तै हो ।

अनि मटचांग्रा दाजु तपाईं पनि निकै खुल्दुली गरिरहुनपर्ने मान्छे, अब के होला ८४ को यात्रा ?

शुद्धीकरण भाइ शुद्धीकरण । अब जताततै शुद्धीकरण गर्ने हो । त्यो अव तिमरकै महासंघ त तिरिमिरी झचाइँ भइसक्यो ? अरूका के कुरा । तीन दल, तीन सरकार, वरिपरि घनचक्करै घनचक्कर ।

वकिल पनि पत्रकार, कलाकार पनि पत्रकार, मोबाइल बोक्यो, बुम बोक्यो अनि पत्रकार । होटल चलायो पत्रकार ! ठेक्कापट्टाबाट कमायो पत्रकार । हाउजिङ चलाउने पत्रकार, औषधि बिक्रेता पत्रकार अझ अझै औषधि फेसबुकमा लेखेर पोस्टचाउने पनि पत्रकार ?

पत्रकारजति 'अ'पत्रकार अनि भएन उत्कृष्ट काम ? त्यही भएर पत्रकारलाई शुद्धीकरण 'अ'पत्रकारलाई भित्रीकरण गर्ने खेल हो रे नि त !

ए बाबा, अनि भनेकै छन् त शुद्धीकरण भनेर । तिमी शुद्धलाई शुद्धीकरण गर्ने । अशुद्धताको प्रतीक ।

दाइले भनेको ठीकै हो बिगारेकै हामीले हो । सबैभन्दा माथि देश हुनुपर्ने थियो तर भएन । सबैभन्दा माथि दल, दलमाथि गुट र उपगुट भएकै कारण यस्तो हविगत भाको रे नि त ?

शुद्धीकरण गरौं मिलेर सदस्यता बाँडौं, पद बाँडफाँड गरौं भइगो । तीन संगठन एकत्रित मिलीजुली पद पाएपछि के को शुद्धीकरण ? शुद्ध नै गर्ने हो भने त शिरबाट नै सुरू गर्नुपर्ने हो । तर त्यसो हुन सकेको छैन ।

त्यही त दाइ हुने त त्यस्तै हो । बालै भएन नि ! क्यामरा भए बोक्ने नभएर ठोक्ने । त्यसै शुद्धीकरण शुद्धीकरण बनेको हो ? आऊ, सबै मिलेर शुद्धीकरण गरौं । काम गर्नेलाई बाहिर फालौं । काम नगर्नेलाई आफ्नै सिण्डिकेटभित्र राखौं । जय प्रेस, जय पर्चाकारिता ।

रूपशाला

## 'अस्ट्रेलियन दुल्हा' को शुभ-मुर्हुत

फिल्म 'अस्ट्रेलियन दुल्हा' को शुभ-मुर्हुत गरिएको छ । आइतबार पूर्वी चितवनको रत्ननगरमा रहेको हरिहर मन्दिरमा पूजा गर्दै फिल्मको शुभ-मुर्हत गरिएको हो । फिल्मको छायांकन आइतबारबाटै सुरू भएको छ । रेहान मियाको लेखन, निर्माण एवम् निर्देशनमा बन्न लागेको फिल्ममा किशोर खतिवडा, प्रविन आचार्य, अंकिता भुर्तेल, जीसु कोइराला, रेश्मा सुवेदी, लक्ष्मण नेपाल, विमल पौडेल, अन्जन शर्मा, केदार दवाडी स्वेता श्रेष्ठ र बाल कलाकार अक्सा कोइरालाको अभिनय रहने छ ।





# वेब सिरिज 'साहु बा'को टिजर सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** वेब सिरिज 'साहु बा'को टिजर सार्वजनिक गरिएको छ । सोमबार राजधानीमा आयोजित एक कार्यक्रमका बीच यो वेब सिरिजको टिजर सार्वजनिक गरिएको हो । चाँडै एपी वान टेलिभिजन र म्युजिक नेपालद्धारा सञ्चालित ओटिटी प्लेटफर्म 'मोःमो म्युजिक एण्ड मूभिज' एपमा रिलिज हुनेछ ।

यो सिरिजमा अभिनेत्री प्रियंका कार्की, कविता नेपाली, विजु पार्की, नम्रता श्रेष्ठ, छुल्टिम गुरुङ, अमितेश शाह, अमित गिरी, सरिता गिरी, सुजय योङ, रमेश अधिकारी, प्रदीप बास्तोला लगायतका कलाकारको अभिनय रहेको छ । यो सिरिज नेपालमा नै पहिलो पटक मंहगो बजेटमा निर्माण गरिएको हो । अभिनेत्री प्रियंका कार्कीले सिरिजको लागि आफुले तीन वर्षभन्दा बढि समय दिएको बताउँछिन् ।

फ्रेम इन मोसन र म्युजिक नेपालको प्रस्तुतिमा निर्माण भएको सिरिजलाई अभिनेता आयुष्मान देशराज जोशीले संगम राई र अनिस तामाङसँग मिलेर खिचेका हुन् । २४ एपिसोड निर्माण गरिएको सिरिजमा तीन सय ५० बढि कलाकारले काम गरेको निर्माण टिमले जानकारी दिएको छ । त्यसका साथै हरेक एपिसोड १ घण्टा लामो रहेको बताए । नेपालमा ठुलो बजेटमा पूर्णरूपमा पहिलो पटक वेब सिरिज निर्माण गरिएको निर्माण कम्पनिले जानकारी दिएको छ ।

यो वेब सिरिजलाई नेपाल तथा भारतमा समेत चर्चित सुजय योङले निर्देशन गरेका हुन् । यो उनको नेपाली डेव्यु सिरिज समेत हो । यो सिरिजको कथा, पटकथा तथा संवाद पनि निर्देशक योङले नै लेखेका हुन् । उनले लकडाउनको बेला यो सिरिजको स्कृप्ट तयार पारेका थिए । 'नेपालमा आफ्नो पहिलो प्रयास भएकाले यो सिरिजलाई दर्शकले मन पराउने विश्वास उनको छ । यो एकदमै भिन्न कथा होइन् तर भिन्न तरीकाले देखाउने प्रयास गरेका छौं', निर्देशक योङले भने ।

साहु बाले प्रेम, विश्वासघात प्रतिसोधको कथा उठाएको छ । निर्माण टिमले यो सिरिजलाई एक्सन तथा क्राइम जनरामा निर्माण गरिएको बताएको छ । सिरिजमा प्रेम लामा र राजु तामाङको एक्सन, कुनाल कुँवरको कलर, सागर आले, मिस्टर डी र उजन शाक्यको गायन, श्रीजना पौडेलको मेकअप र राम प्रसाद चौधरी र चन्दन दत्तको सम्पादन रहेको छ ।

# श्रीजल र सिकुमलाई मलेसियामा उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** मलेसियामा आयोजना भएको अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता 'ग्राण्ड ग्लोवल एम्बेसडर इन्टरनेशनल २०२४'मा नेपाली बालबालिका श्रीजल यादव र सिकुम हाङ्मा सुब्बाले नेपाललाई उपाधि दिलाउन सफल भएका छन् । कोटाकिना बालु सहरमा जुन ५ देखि ९ सम्म आयोजना भएको प्रतियोगीतामा यादवले 'किड युनिभर्स' र सुब्बाले 'ग्राण्ड वीनर किड करिस्मा' नामक दुई उपाधि नेपाललाई दिलाएका हुन् ।

प्रतियोगीतामा यादवले किड बेष्ट फर्मल अटायर र किड इन्टिलिजेन्ट अवार्ड समेत हात पर्दा सुब्बाले बेष्ट क्याजुअल अटायर र किड फ्रेड्ली अवार्ड जितिन् ।

'ग्राण्ड ग्लोबल एम्बेसडर इन्टरनेशनल'मा नेपालको अलवा इन्डिया, मेलिसिया, सिंगापुर,



फिलिपिन्स, साउथ कोरिया, ब्रुनाई लगायत विश्वका विभिन्न देशको बालबालिकाको सहभागीता रहेको थियो । प्रतियोगितामा नेपाली कला संस्कृतिको प्रचार प्रसारको अलवा नेपालको पर्यटन समेत प्रवर्द्धन गरिएको थियो । मिस वर्ल्ड मलेसिया वेनानिता वेन्सेस आङगाङ मुख्य निर्णायक रहेकी प्रतियोगीतामा नेपालबाट अन्तर्राष्ट्रिय फेसन कोच राज फैजु सहभागी थिए । फैजुले मिस वर्ल्ड मलेसिला आङगाङसँग औपचारिका भेटघाट गर्दै कुराकानी पनि गरेका छन् । भेटमा आङगाङलाई नेपाल भ्रमणको निम्तो दिएको फैजुले बताए । उक्त क्रममा आफुले त्यहाँको राजनीतिज्ञ श्रीवेन्स आङगााङसँग पनि भेट गरेको फैजुको भनाईछ ।

उपाधि जित्न सफल बालबालिका यादव र सुब्बा रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सी आयोजक रहेको 'मिलिनियम किड्स ईन्टरनेशनल २०२४' विजेताहरू हुन् । प्रतियोगितामा सहभागी दुवै बालबालिकाको फेसन डिजाइनर श्रीषा बैदारले तयार गरेकी हुन् ।

# राजन र सदिक्षाले ल्याए 'खुर्सानीलाई बियाँ'

**काठमाडौं (प्रस)–** गायक राजनराज शिवाकोटी र गायिका सदिक्षा कट्टेलको स्वरमा रहेको गीत 'खुर्सानीलाई बियाँ' सार्वजनिक भएको छ । गीतमा राजेन्द्र थापाको शब्द र राजनराजको संगीत छ ।

आफ्ना सिर्जनामा मौलिक संगीत जोड्न खप्पिस राजनराजले 'खुर्सानीलाई बियाँ'मा पनि त्यही कार्यलाई निरन्तरता दिएका छन् । प्रसन्न पौडेल र प्रचण्ड पौडेल निर्देशित भिडियोमा यसराज गराच, सामरिका ढकाल, अनिशा न्यौपाने र सरोज प्रजाको अभिनय छ । डान्सिङ नम्बरको गीतमा कलाकारहरू निकै खुलेका छन् ।

गीतको अडियो र भिडियो दुवै सशक्त छ । भिडियोमा ग्रामीण सौन्दर्य र आधुनिक



मानसिकताका फ्युजन गरिएको छ ।

प्रकाश हमाल निर्माता रहेको भिडियोमा युमी बलामीका कोरियोग्राफी, राजुजङ्ग बस्नेतको सम्पादन, कुनालको कलर ग्रेडिङ र निशान पौडेलको छायांकन छ । गीतको भडियो भेल्भेट भाइब्स इन्टरटेनमेन्ट प्रोडक्सनबाट निर्माण गरिएको हो ।

गायक तथा संगीतकार राजनराजको 'सुर्के थैली खै', 'कुटुमा कुटु', 'फुलबुट्टे सारी', 'चेप्टे चेप्टे पेरुङ्गो', 'चरीले काफल टिप्यो'लगायतका गीत सर्वाधिक रुचाइएका गीतमा पर्छन् ।

त्यस्तै सदिक्षाका गीत 'माया रैछ र त भर रैछ नि', 'राजा रानी', 'चोरी चोरी', 'फर्की फर्की' जस्ता हिट गीतमा पर्छन् । सदिक्षा 'नेपाल आईडल सिजन २' बाट उदाएकी गायिका हुन् । 'नेपाल आईडल सिजन २' बाट राम्री गायिकाको ट्याग पाएकी गायिका सदिक्षा नेपाली सांगीतिक क्षेत्रमा ठुलो सम्भावना बोकेकी भर्सटाइल गायिका हुन् । जसको गायन क्षमता अग्रज संगीतकर्मीको नजरमा पर्न सफल छ । जसकारण थोरै गीतहरू गाएकी उनका राम्रा संगीतप्रेमी फ्यानहरू रहेका छन् ।



# सन्दीपले खेल्ने भए विश्वकप

■ प्रभाव संवाददाता

**काठमाडौं–** सन्दीप लामिछाने आइसिसी ट्वान्टी-२० विश्वकप खेल्न वेस्ट इन्डिज पुगेका छन् । नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्काले आइतबार बिहान विज्ञप्ति जारी गर्दै उनी त्यसतर्फ प्रस्थान गरेको जानकारी दिएका थिए । सन्दीपले वेस्ट इन्डिज पुगेपछि सामाजिक सञ्जालमार्फत् आफू विश्वकप क्रिकेटका लागि क्रिकेटप्रेमीको चाहना पूरा गर्न तत्पर रहेको जनाएका थिए ।

खड्काका अनुसार सन्दीप नेपाली राष्ट्रिय क्रिकेट टोलीमा समावेश हुनेछन् । उच्च अदालत पाटनले गत मे १५ मा दिएको फैसलासँगै क्यानले पूर्वघोषित टिमबाट युवा बलर प्रतिश जिसीलाई ट्राभलिङ रिजर्भमा राख्ने निर्णय गरेको खड्काले जानकारी दिए ।

उनका अनुसार सन्दीपलाई विश्वकप खेल्ने आधिकारिक १५ जना टोलीको अन्तिम नामावली आईसीसी सामु पेश गरेको थियो ।

'सन्दीप लामिछाने गत मे १६ तारिखदेखि



नै नेपालको अफिसियल स्क्वाडमा रहेका तर उनको अमेरिकी भिसा प्राप्त नभएता पनि आईसीसीसँग समन्वय गरी वेस्ट इन्डिजमा हुने दक्षिण अफ्रिका तथा बंगलादेशविरुद्ध नेपालका दुई खेलमा उनको उपस्थिति रहने जानकारी गराउन चाहन्छौं,' विज्ञप्तिमा भनिएको छ ।

# तिरहुट टाइगर्सलाई उपाधि

**राजविराज (प्रस)–** तिरहुट टाइगर्सले छैठौं संस्करणको राजविराज मेयर कप सप्तरी प्रिमियर लिगको उपाधि जितेको छ। सप्तरीको राजविराज स्थित पब्लिक विन्देश्वरी मैदानमा सोमबार सम्पन्न फाइनलमा तिरहुट टाइगर्सले छिन्नमस्ता लायन्सलाई ३१ रनले पराजित गऱ्यो ।

तिरहुट टाइगर्सले दिएको ९२ रनको लक्ष्य पछ्याएको छिन्नमस्ता लायन्सले १४ ओभरमा ६० रनमा सबै विकेट गुमायो । छिन्नमस्ताको लागि बिशाल पटेलले सर्वाधिक १४, मयन यादवले १३ तथा फिर्दोश अन्सारीले अविजित १२ रन बनाउनु बाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् । राष्ट्रिय क्रिकेटर भिम सार्की उसका ४ जना ब्याटरले खाता समेत खोल्न सकेनन् । तिरहुटको बलिंगमा देब्रे हाते स्पिनर दिपेश कंडेलले सर्वाधिक ४ विकेट




लिए जुन क्रममा उनले ४ ओभरमा २५ रन खर्चिए । यस्तै प्लेयर अफ द म्याच घोषित कप्तान अनिल यादवले ३ विकेट लिए जुन क्रममा ३ ओभरमा १५ रन खर्चिए । बसिर अहमदले २ तथा अभिषेक कार्कीले १ विकेट लिए ।

यसअघि टस जितेर ब्याटिंग रोजेको तिरहुट टाइगर्सले निर्धारित १८.४ ओभरमा सबै विकेट गुमाएर ९१ रन बनायो । तिरहुटको लागि भोला कुमार साहले सर्वाधिक २९ रन योगदान दिए । बसिर अहमदले १८ तथा रूपेश सिंहले १० रन बनाउनु बाहेक अन्य ब्याटरए दोहोरो अंकमा रन बनाउन सकेनन् ।

छिन्नमस्ताको बलिंगमा बिशाल पटेल, फिर्दोश अन्सारी, गुनानन्द रोय र सुमित नेवारले समान २ विकेट लिए । उपाधिसहित तिरहुट टाइगर्सले ३ लाख रूपैयाँ हात पाऱ्यो। उपविजेता छिन्नमस्ता लायन्सले १ लाख ५० हजार रूपैयाँ पायो । प्रतियोगिताकै उत्कृस्ट खेलाडी तिरहुट टाइगर्सका बसिर अहमद घोषित भए जसले ६ खेलमा १९८ रन बनाउनुको साथै १० विकेट पनि लिए । यस्तै उत्कृस्ट बलर छिन्नमस्ता लायन्सका बिशाल पटेल घोषित भए जसले ७ खेलमा १५ विकेट लिए ।

उत्कृस्ट ब्याटर कन्चनरूप राइनोजका शुभ कंसकार घोषित भए जसले ७ खेलमा २९७ रन बनाए । यस्तै उदयमान खेलाडी छिन्नमस्ता लायन्सका मोहम्मद सोहेल खान घोषित भए जसले ७ खेलमा १२ विकेट लिए । फाइनल खेलको प्लेयर अफ द म्याच तिरहुट टाइगर्सका कप्तान अनिल कुमार यादव घोषित भए ।

# गण्डकी प्रदेशस्तरीय फुटबलको उपाधि कास्कीलाई

■ प्रभाव संवाददाता

**पोखरा–** गण्डकी प्रदेशस्तरीय फुटबल प्रतियोगिताको उपाधि कास्की जिल्लाले जितेको छ ।

पोखरा रंगशालामा सोमबार सम्पन्न फाइनलमा तनहुँलाई टाई ब्रेकरमा ४-३ ले पराजित गर्दै उपाधि जितेको हो । उपाधिसँगै कास्कीले नगद २ लाख जितेको छ भने उपविजेता तनहुँले नगद १ लाखका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र हात पारेको छ ।

निर्धारित समयमा दुवै टिम गोल गर्न असफल बने पछि खेल टाई ब्रेकरमा धकेलिएको थियो । कास्कीतर्फबाट सरोज गुरुङ, योगेश गुरुङ, आर्यन गिरी र आयुष्मान् गुरुङले गोल गर्दा राजकुमार कुँवरको प्रहार गोल पोस्टमा लाग्दै बाहिरिएको थियो ।

यता तनहुँका लागि दीपेश आले, शान्त बहादुर गुरुङ र आश बहादुर गुरुङको प्रहार गोलमा परिणत हुँदा देव गुरुङको प्रहार गोल पोस्टमा लाग्दै बाहिरिँदा सजिन थापाको प्रहारलाई कास्कीका गोल किपर आकाश



रानाभाटले बचाउ गरेका थिए ।

यसअघि निर्धारित समयमा कमजोर फिनिसिङका कारण दुवै टिम गोल गर्न असफल रहेका थिए । प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडी तनहुँका शन्तबहादुर गुरुङ घोषित हुँदै नगद रु १० हजार हात पारे । त्यस्तै कास्कीका आकाश रानाभाट उत्कृष्ट गोलकिपर, कास्कीकै योगेश गुरुङ उत्कृष्ट डिफेन्डर, तनहुँका लक्षु थापा इमर्जिङ प्लेयर, कास्कीका विशन गुरुङ उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट प्रशिक्षक कास्कीका सन्तोष केसी घोषित भए ।

उत्कृष्ट घोषित भएका सबैले जनही नगद रु ५ हजारका साथमा ट्रफी प्राप्त गरेको गण्डकी प्रदेश फुटबल संघका महासचिव बिनोद गुरुङले बताए ।

# डिआरएस र होरा फाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं –** काठमाडौंमा सञ्चालन भइरहेको पब्जी मोबाइल सुपर लिग सेन्ट्रल एन्ड साउथ एसिया स्प्रिङ २०२४ को लिग चरणको खेलको समाप्तिमा मंगोलियन टिम फोर मिरेकल भाईब्स् ६५४ अंकसहित शीर्षस्थान हासिल गर्न सफल भएको छ ।

कजाखस्तानका दुई टोली रुक इस्पोर्ट्स र म्याड बुल्स क्रमशः ५९८ र ५९३ अंकसहित दोस्रो र तेस्रो स्थानमा रहे। नेपाली टोली डिआरएस (द रियल सोल्जर) ५४६ अंक जोड्दै चौथो स्थानमा रह्यो भने अर्को स्वदेशी टोली होरा इस्पोर्ट्स ४७३ अंक बनाएपनि एक स्थान गुमाएर सातौंमा झरेको छ । पहिलो हप्ता डिआरस २०४ अंक, दोस्रो हप्ता म्याड बुल्स २१४ अंक र तेस्रो हप्ता फोर मिरेकल भाईब्स् २५२ अंकसहित शीर्षस्थानमा रहेका थिए ।

राउन्ड रोबिन लिगको अधारमा चलिरहेको प्रतिस्पर्धाको प्रारा‌म्भिक चरण तेस्रो हप्ताको अन्तिम खेलसँगै सकिएको छ । कुल २ लाख अमेरिकी डलर पुस्करको प्रतियोगितामा लिगका उत्कृष्ट १६ टिम फाइनल्सको लागि छनोट भएका छन् । तीन दिन सञ्चालन हुने फाइनल जेठ ३१ गते विहीबार सुरु हुनेछ ।

सुपर लिगमा नेपालका दुईसहित ७ देशका २० टोलीको सहभागिता रहेको छ । विदेशी टिममा पाकिस्तान, बंगलादेश, मंगोलिया, कजाखस्तान, युक्रेन र उज्वेकिस्तान छन् । सहभागी २० टिममध्ये लिग चरणमा पुछारमा रहेका चार टिमको यात्रा समाप्त भएको छ ।

यस प्रतियोगिताको शीर्ष ४ टिमले जुलाईमा रियाद, साउदी अरेबियामा हुने पब्जी मोबाइल वर्ल्डकप २०२४ को समूह चरणमा स्थान पाउनेछन्। यहाँ पाँचौ हुने टोलीले भने पब्जी मोबाइल वर्ल्डकप २०२४ को सर्भाइवल चरण खेल्नेछ, त्यसबाट उसले वर्ल्डकपको समूह चरणमा स्थान बनाउनसक्नेछ ।

# फ्रान्समा मध्यावधि निर्वाचनको घोषणा

**ब्रसेल्स-** युरोपेली संघ (इयू) को चुनावमा अति राष्ट्रवादी (दक्षिणपन्थी) समूहको विजयले फ्रान्समा आइतबार राजनीतिक भुइँचालो निम्त्याएको छ । निर्वाचनसँगै राष्ट्रपति इमानुएल म्याक्रोँले उच्च जोखिमको कदमको संज्ञा दिएको विधायिकाको मध्यावधि निर्वाचनको घोषणा गरेका छन् ।

मध्यमार्गी मूलधारका दलहरूले युरोपेली संसद्मा समग्र बहुमत कायम राखे पनि समग्र परिणाममा अति दक्षिणपन्थी दलहरूको सुधार देखिएपछि इयूको राजनीति तरंगित भएको छ । अति राष्ट्रवादी समूह फ्रान्स, इटाली र अस्ट्रियामा पहिलो तथा जर्मनी र नेदरल्याण्ड्समा दोस्रो भएको प्रारम्भिक नतिजाले देखाएको छ ।

युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयेनले भनिन्, 'हामी बायाँ र दायाँबाट अतिवादीहरूको विरुद्धमा किल्ला निर्माण गर्ने छौं ।' ७२० सदस्यीय व्यवस्थापिकाको निर्वाचनका लागि २७ देशका ३६ करोडभन्दा बढी युरोपेलीले मतदान गरेका थिए ।



इयूको अर्को संसद् र आयोगले युक्रेनमा रूसको जारी युद्ध, अमेरिका-चीन प्रतिद्वन्द्विताका कारण विश्वव्यापी व्यापार तनाव, जलवायु परिवर्तनको संकटकालीन अवस्था र 'विघटनकारी' नयाँ डोनाल्ड ट्रम्पको राष्ट्रपतिको सम्भावनाको सामना गर्नुपर्ने छ ।

इपिपीको प्रमुख उम्मेदवारको रूपमा, भोन डेर लेयेन आयोग सञ्चालन गर्नका लागि नयाँ जनादेश आवश्यक ठान्छन् । इयूका नेताहरूले जुन २७ देखि २८ सम्म हुने शिखर सम्मेलनअघि जुन १७ देखि नै उनको नाम लिने वा अर्को विकल्प रोज्ने भन्नेबारे निर्णय गर्न थाल्ने छन् ।

यद्यपि, फ्रान्समा मरिन ले पेनको दक्षिणपन्थी नेसनल र्‍याली (आरएन) पार्टीको शानदार जितले म्याक्रोँलाई यति ठूलो झट्का दियो कि उनले पेरिस ओलम्पिकको एक महिनाअघि जुन ३० का लागि राष्ट्रिय विधायिकाको चुनावको आह्वान गरे । उनले भने, 'म केही भएको छैन जस्तो व्यवहार गर्न सक्दिनँ ।' उनले फ्रान्सेली जनताले अब आफू र भावी पुस्ताका लागि सबैभन्दा राम्रो विकल्प रोज्नुपर्ने बताए । *रासस/एएफपी*

# भारतमा उष्ण लहर अझै बढ्ने खतरा

नयाँदिल्ली- भारतको इतिहासमा नै सबैभन्दा लामो उष्ण लहर (लू) का कारण सामान्य जनजीवन प्रभावित बनेको भन्दै मौसमविद्हरूले अति आवश्यक कामबाहेक दिनको घाममा घरबाहिर ननिस्कन सुझाव दिएका छन् ।

भारतीय मौसमविद्ले सोमबार नागरिकले अझै केही दिन बढ्दो तापक्रमको सामना गर्नुपर्ने बताएका छन् । उत्तरी भारतका केही भागमा मानिसहरू मे महिनाको मध्यदेखि नै गर्मीको चपेटामा परेको र पछिल्ला केही दिनमा तापक्रम ४५ डिग्री सेल्सियसभन्दा माथि पुगेको छ ।

लगातार २४ दिनसम्म अनुभव गरिएकाले यो सबैभन्दा लामो 'लू' लागेको भारतको मौसम विज्ञान विभाग (आइएमडी) का प्रमुख मृत्युञ्जय महापात्रले दैनिक इन्डियन एक्सप्रेससँगको अन्तर्वार्तामा उल्लेख गरेका छन् ।

यस महिना वार्षिक मनसुन वर्षा उत्तरतिर सर्दै जाँदा विस्तारै गर्मी घट्ने अपेक्षा गरिएको छ । यद्दपी महापात्रले गर्मीको कारण अझ जटिल मौसमी अवस्था आउनसक्ने चेतावनी दिए ।

यदि सावधानी वा रोकथामका उपायहरू अपनाइएन भने उष्ण लहरहरू बढी बारम्बार, लामो र कडा हुने उनले बताए । भारत विश्वको तेस्रो ठूलो हरितगृह ग्यास उत्सर्जन गर्ने मुलुक हो तर सन् २०७० सम्ममा शुद्ध शून्य उत्सर्जन अर्थव्यवस्था हासिल गर्न प्रतिबद्ध छ । अहिले भने भारत विद्युत उत्पादनका लागि कोइलामा अत्यधिक निर्भर छ ।

मानव गतिविधि, बढ्दो जनसंख्या, औद्योगीकरण र यातायात संयन्त्रले कार्बन मोनोअक्साइड, मिथेन र क्लोरोकार्बनको एकाग्रता बढाइरहेको महापात्रले उल्लेख गरे । हामीले आफूलाई मात्र होइन, हाम्रो भावी पुस्तालाई पनि खतरामा पार्दैछौं । वैज्ञानिक अनुसन्धानले जलवायु परिवर्तनले उष्ण लहरहरू लामो, अधिक बारम्बार र अधिक तीव्र हुँदै गएको देखाउँछ ।

पछिल्लो गर्मीको लहरले नयाँदिल्लीको तापक्रम सन् २०२२ को ४९.२ डिग्री सेल्सियसको उच्च रेकर्डमा पुगेको छ । तापक्रम वृद्धिसँगै देशबासीले गर्मीबाट राहत खोज्दा बिद्युत ग्रिडमा आठ हजार ३०२ मेगावाटको उच्च रेकर्डको माग पुगेको छ । मे २९ मा, दिल्लीको उपनगर मुंगेशपुरको एक स्वचालित मौसम स्टेसनले ५२.९ डिग्री सेल्सियसको उच्च तापक्रम रेकर्ड गरेको खबर पत्रपत्रिकामा आएको थियो तर सरकारी अधिकारीले उक्त तापक्रम सेन्सरको त्रुटिपूर्ण परिणाम भएको जनाएको थियो ।

दिल्लीका अन्य ठाउँका १७ अन्य सहरका स्टेसनहरूले सोही दिन अधिकतम ४९ डिग्री सेल्सियस तापक्रम मापन गरेका थिए । *रासस/एएफपी*

# शेख हसिनाले दिइन् मोदीलाई बंगलादेश भ्रमणको निम्तो



**नयाँदिल्ली, भारत-** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको तेस्रो कार्यकालको शपथपछि भएको संक्षिप्त भेटमा बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाले भविष्यमा सम्बन्ध बलियो बनाउन नयाँ सरकारसँग मिलेर काम गर्ने इच्छा व्यक्त गरेकी बंगलादेशका विदेशमन्त्री मोहम्मद हसन महमुदले बताए ।

प्रधानमन्त्री शेख हसिनालाई आइतबार राजधानी दिल्लीको राष्ट्रपति भवनमा भएको शपथ ग्रहण समारोहमा आमन्त्रित गरिएको थियो । हसिनाले प्रधानमन्त्री मोदी र उनको मन्त्रीपरिषद्को शपथ ग्रहण समारोहमा सहभागी भएपछि मोदीसँग भेटवार्ता गरिन् । उक्त अवसरमा बंगलादेशकी प्रधानमन्त्री हसिनाले प्रधानमन्त्री मोदीको नेतृत्वको राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए) ले लोकसभामा बहुमतका लागि पाएको सफलताका लागि बधाई दिएकी थिइन् । उनले सम्बन्ध बलियो बनाउन भविष्यमा नयाँ सरकारसँग मिलेर काम गर्ने इच्छा व्यक्त गरेको विदेशमन्त्री महमुदले एएनआईलाई बताए ।

बंगलादेशकी प्रधानमन्त्री हसिना र उनका भारतीय समकक्षी मोदीको नेतृत्वमा दुई देशबीचको सम्बन्ध 'नयाँ उचाइमा' पुगेको बताउँदै विदेशमन्त्री महमुदले बंगलादेशको तर्फबाट प्रधानमन्त्री मोदीलाई ढाका भ्रमणको निम्तो पनि दिएको बताए । छिमेकीको रूपमा, आफूहरूसँग धेरै अवसर भएको बताउँदै जनता-जनताबीचको सम्पर्कलाई बलियो बनाउने सन्दर्भमा अझ बढी सहकार्य भएमा यसबाट दुवै मुलुकले लाभ लिने विदेशमन्त्री महमुदले उल्लेख गरे ।

राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए) ले जुन ५ मा मोदीलाई आफ्नो नेताको रूपमा चयन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरेको थियो । भारतीय संसद्को ५४३ सदस्यीय तल्लो सदनको लोकसभा चुनावमा भाजपाको नेतृत्वमा रहेको एनडिएले २९३ सिट जितेको छ । प्रधानमन्त्री मोदी भारतका संस्थापक प्रधानमन्त्री जवाहरलाल नेहरूपछि लगातार तेस्रो कार्यकाल जित्ने दोस्रो भारतीय नेता हुन् । *रासस/एएनआई*

# बेल्जियमका प्रधानमन्त्री डी क्रूद्वारा राजीनामाको घोषणा



**ब्रसेल्स, बेल्जियम-** बेल्जियमका प्रधानमन्त्री अलेक्ज्यान्डर डे क्रुले आइतबार सम्पन्न राष्ट्रिय र युरोपेली संसदीय चुनावमा आफ्नो पार्टीको हारपछि राजीनामा दिएका छन् । आइतबार राति ब्रसेल्समा यस्तो घोषणा गर्दा आँसु रोक्न गाह्रो भएको भन्दै उनले उपलब्ध नतिजा आफूले आशा गरेको नतिजा नभएको बताए ।

उनले प्रधानमन्त्रीको पदबाट राजीनामा दिने र वर्तमान मामिलामा पूर्णरूपमा ध्यान केन्द्रित गर्ने उल्लेख गरेको सिएनएनले जनाएको छ । आरटिबिएफको मतदानलाई उद्धृत गर्दै सिएनएनले डि क्रूको 'ओपन भिएलडी' पार्टीले युरोपेली संसदमा ५.८ प्रतिशत मत प्राप्त गरेको र यो राम्रो प्रदर्शन नभएको जनाएको छ ।

आरटिबिएफको सर्वेक्षणले अति दक्षिणपन्थी 'भ्लामस बेलाङ पार्टी' र 'फ्लेमिस नेसनलिस्ट (एनभिए) पार्टीले क्रमशः १४.८ र १४.२ प्रतिशत मतका लागि बराबरी रहेको देखाएको छ ।

राजीनामाको घोषणा गर्दै डी क्रूले बेल्जियमलाई आफ्नो कार्य लिनसक्ने पूर्णशक्तिको नयाँ सरकार चाहिने विश्वासलाई जोड दिँदै आफ्नो उत्तराधिकारीलाई शक्तिको 'उचित हस्तान्तरण' गर्ने प्रतिबद्धता जनाए । सिएनएनका अनुसार युरोपेली संघका २७ सदस्य राष्ट्रहरूमा मतदान हाललाई बन्द भएको छ । अन्तिम मतदान इटालीमा भएको थियो ।

युरोपेली संघको चुनावले विश्वको दोस्रो ठुलो लोकतान्त्रिक अभ्यासको प्रतिनिधित्व गर्दछ, जुन परिमाणको हिसाबले भारतको चुनावभन्दा पछाडि छ । युरोपेली संघमा लगभग ४० करोड मतदाताहरूले आर्कटिक सर्कलदेखि अफ्रिका र एसियाको सिमानासम्म फैलिएको युरोपेली संसद्का ७२० सदस्यहरू चयन गर्ने छन् ।

यी चुनावको नतिजाले जलवायु परिवर्तन, रक्षादेखि आप्रवासन र चीन र संयुक्त राज्य अमेरिकाजस्ता प्रमुख वेश्विक राजनीतिक खेलाडीसँग अन्तर ष्ट्रिय सम्बन्धसम्मका विश्वव्यापी मुद्दामा नीति निर्धारण गर्ने छ ।

सन् २०१९ को पछिल्लो युरोपेली चुनावदेखि भूराजनीतिक गतिशीलता उल्लेखनीय रूपमा परिवर्तन भएको छ । रूसले युक्रेनमा गरेको आक्रमणले युरोपेली संघको किनारमा द्वन्द्व ल्याएको छ, जसले यस क्षेत्रमा शान्ति र स्थिरता कायम गर्न संघको भूमिकालाई जोड दिएको छ । युरोपेली संघमा सामेल हुन चाहने युक्रेनले भू-राजनीतिक जटिलतालाई थप जोड दिन्छ । *रासस/एएनआई*


## साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMAL SALEH MUFDI AL SHARARI SWEETS AND NUTS FOUNDATION

पूर्व स्वीकृति मिति : २०८१/०२/२७ | LT. No. 306171 | चलानी नं.: ६०२२०८३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६४,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले | सेवा शुल्क: १०,०००

कम्पनी : SKM TECHNICAL WORKS LLC

पूर्व स्वीकृति मिति : २०८१/०२/२७ | LT. No. 306168 | चलानी नं.: ६०२२०९१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 1200 | ४४,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 10 | 0 | 1200 | ४४,१६० | | | | | | | |
| 3 | Plumber | 10 | 0 | 1200 | ४४,१६० | | | | | | | |
| 4 | Steel Fixer | 10 | 0 | 1200 | ४४,१६० | | | | | | | |
| 5 | Stone Mason | 5 | 0 | 1200 | ४४,१६० | | | | | | | |
| 6 | Tile Layer | 5 | 0 | 1200 | ४४,१६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ४ गते (18th June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ENGINEER SOHAIL TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति २०८१/०२/२७ | LT. No. 306053 | चलानी नं. ६०२२०७८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioning Mechanic | 1 | 0 | 1200 | ४४,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 1 | 0 | 1200 | ४४,१६० | | | | | | | |
| 3 | Painter | 2 | 0 | 1200 | ४४,१६० | | | | | | | |
| 4 | Plumber | 1 | 0 | 1200 | ४४,१६० | | | | | | | |
| 5 | Plumber Assistant | 1 | 0 | 1200 | ४४,१६० | | | | | | | |
| 6 | Scaffolder | 10 | 0 | 1200 | ४४,१६० | | | | | | | |
| 7 | Steel Fixer | 2 | 0 | 1200 | ४४,१६० | | | | | | | |
| 8 | Stone Mason | 1 | 0 | 1200 | ४४,१६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ४ गते (18th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Employment Creation Service Pvt. Ltd. श्रम ईजाजत नं. ४००/०६०/०६१

Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4588393, 4587496 E-mail : info@ecsmanpower.com
Website : ecsmanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAMEER INDUSTRIAL FACTORY AL JUBAIL

पूर्व स्वीकृति मिति २०८१/०२/२३ | LT. No. 305913 | चलानी नं. ६०२२०६८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 1 | 0 | 2000 | ६०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packaging And Wrapping Worker | 1 | 0 | 1000 | ३०,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ४ गते (18th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gandaki Gurkhas Pvt. Ltd. श्रम ईजाजत नं. ६३०/०६३/०६४

New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024



**मलंगवा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मलंगवा, सर्लाही**
**प्रदेश न. २ , नेपाल**

## बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

मिति २०८१/०२/२९

यस कार्यालयबाट मिति २०८०।०१।२४ गतेको प्रकाशित निशुल्क औषधी खदि सम्बन्धि सूचना अनुसार दर्ता हुन आएका बोलपत्रदाता हरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको न्युनतम मुल्यांकित बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का न. | कार्यको बिबरण | बोलपत्र दाता को नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|
| ००१ / २०८०.०८१ | निशुल्क औषधि खरिद | सुमिता डिष्टिव्युर्टस ,विशालनगर, काठमाण्डौ । | ८,९८,३९५/ आठलाख अन्ठानबे हजार तीनसय पन्चानब्बे मात्र । |

**प्रमुख प्रशासकीय अधिकृत**



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। धुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १४१००० | प्रति तोला – १४०३०० | प्रति तोला – १८२५ |

## भारतीय व्यावसायीलाई नेपालमा लगानी गर्न आग्रह



■ प्रभाव संवाददाता

**काठमाडौं–** छिमेकी मित्र राष्ट्र भारतको औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग त्यहाँको 'फेडेरेसन अफ इन्डिया च्याम्बर्स अफ कमर्स एन्ड इन्डस्ट्री' (फिक्की) को प्रतिनिधि मण्डलले भेटवार्ता गरेको छ ।

प्रधानमन्त्री बसेको होटल ताजमा सोमबार भएको भेटमा नेपालमा लगानीको सम्भावना एवं लगानीका क्षेत्रका विषयमा प्रधानमन्त्री प्रचण्ड र फिक्कीका पदाधिकारीहरूले छलफल गरेका हुन् ।

उक्त अवसरमा प्रधानमन्त्रीले भारतीय लगानीकर्ताका लागि उपयुक्त देश नेपाल भएको उल्लेख गर्दै पर्यटन, ऊर्जा, कृषि लगायतका क्षेत्रमा लगानी गर्न आग्रह गरे । उनले काठमाडौंमा सम्पन्न तेस्रो लगानी सम्मेलनका क्रममा नेपालले कानुनी संरचनालाई व्यापक सुधार गरेर लगानीका लागि उपयुक्त वातावरण सिर्जना गरेको बताए । 'लगानी सम्मेलनका क्रममा हामीले विभिन्न कानुनहरू अध्यादेशबाट संशोधन गरेका छौं, त्यसले लगानीका क्षेत्रमा संरचनागत एवं संस्थागत सुधार भएको छ,' प्रधानमन्त्री प्रचण्डले भने, 'लगानीका लागि उपयुक्त वातावरण सिर्जना भएको छ, ढुक्क भएर लगानी गर्न आग्रह गर्दछु ।' उपभोक्ता दृष्टिकोणले पनि नेपाल लगानीका लागि उपयुक्त थलो भएको उनको भनाइ छ ।

भारत सरकारसँग दश वर्षमा १० हजार मेगावाट विद्युत् बिक्री गर्ने दीर्घकालिन सम्झौता भइसकेको अवस्थामा नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न उपयुक्त हुने सुझाव दिँदै प्रधानमन्त्री प्रचण्डले ठूला जलविद्युत आयोजना लगानीका लागि तयारी अवस्थामा रहेको जानकारी दिए ।

सो अवसरमा फिक्कीका अध्यक्ष डा अनिस शाहले नेपालको ऊर्जा, पर्यटन र सौर्य ऊर्जामा आफू र आफ्ना सदस्यहरू इच्छुक रहेको बताए । प्रधानमन्त्री प्रचण्डले लगानीका लागि लिएको तदारुकतालाई आफूहरूले नजिकबाट अध्ययन गरिरहेको उल्लेख गर्दै अध्यक्ष शाहले नेपालमा लगानीका लागि उत्साहित रहेको बताए ।

## तयार भयो हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारण लाइन

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल-भारतबीचको विद्युत् व्यापार विस्तारका लागि महत्वपूर्ण मानिएको निर्माणाधीन हेटौंडा-ढल्केबर-इनरुवा चार सय केभी प्रसारण लाइन निर्माण सम्पन्न भएको छ । देशभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण तथा विश्वसनीय बनाउन सो आयोजना निर्माण गरिएको हो ।

धनुषाको ढल्केबरबाट सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ इनरुवा सबस्टेसनसम्मको एक सय ५४ किलोमिटर चार सय केभी डबल सर्किट प्रसारण लाइन निर्माण सम्पन्न गरिएको छ । प्रसारण लाइनले करिब चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सकिन्छ । मकवानपुरको हेटौंडा उपमहानगरपालिका-११ स्थित थानाभन्ज्याङस्थित हेटौंडा सबस्टेसनबाट इनरुवा सबस्टेसनसम्म दुई सय ८८ किलोमिटर प्रसारण लाइनलाई दुई खण्डमा विभाजन गरी निर्माण सुरु गरिएको थियो । प्रसारण लाइनलाई हेटौंडा-ढल्केबर एक सय ३४ किलोमिटर र ढल्केबर-इनरुवा एक सय ५४ किलोमिटरलाई दुई खण्डमा विभाजन गरिएको छ । यसमध्ये ढल्केबर-इनरुवा खण्ड निर्माण सम्पन्न भएको हो । हेटौंडा-ढल्केबर खण्ड निर्माणाधीन छ ।



नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले ढल्केबर-इनरुवा खण्ड निर्माण सम्पन्न हुनु मुलुकको समग्र प्रसारण प्रणालीलाई गुणस्तर तथा विश्वसनीय बनाउन र नेपाल-भारतबीचको विद्युत् व्यापारको परिमाण वृद्धि गर्न महत्वपूर्ण उपलब्धि भएको जानकारी दिए । हाल सञ्चालनमा रहेको ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनबाट हुने विद्युत् आयात-निर्यातको परिमाण आठ सय मेगावाट मात्रै छ । अब ढल्केबर-इनरुवा खण्ड निर्माण सम्पन्न भएपछि विद्युत् व्यापारको परिमाण बढाउन सकिन्छ । कोशी करिडोर हुँदै इनरुवा सबस्टेसनमा आएको विद्युत्लाई त्यस क्षेत्रमा खपत गरी अतिरिक्त भएमा ढल्केबर-इनरुवा प्रसारण लाइनमार्फत ढल्केबर ल्याएर भारतर्फ निर्यात गर्न सकिन्छ ।

'हाल रहेको एक सय ३२ केभी प्रसारण लाइनको क्षमताले विद्युत् भार नधान्दा हिउँदयाममा ढल्केबरबाट इनरुवातर्फ विद्युत् पठाउन समस्या थियो, भार धान्न नसकेर लाइन नै चुँडिने अवस्था थियो, अब चार सय केभी प्रसारण लाइनबाट पर्याप्त विद्युत् पठाउन सकिने हुँदा भोल्टेज सुधार भई मुख्य रूपमा मोरङ-सुनसरी औद्योगिक करिडोरको विद्युत् आपूर्ति सुधार हुनेछ,' उनले भने ।

इनरुवा चार सय केभी सबस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा आइसकेको छ । सुनसरी-मोरङ औद्योगिक करिडोरसहित त्यस क्षेत्रको समग्र विद्युत् आपूर्ति सुधारका लागि हाल सञ्चालनमा रहेको इनरुवा-दुहवी एक सय ३२ केभी प्रसारण लाइनको पुरानो कन्डक्टरलाई बदलेर उच्च क्षमता (एचटिएलएस)को राख्ने प्रक्रिया सुरु भइसकेको छ । यसबाट हालको करिब दुई सय मेगावाट विद्युत् प्रवाह गर्न सक्ने उक्त प्रसारण लाइनको क्षमता वृद्धि भई झन्डै दोब्बर हुनेछ । इनरुवाबाट बर्जुसम्म एक सय ३२ केभी प्रसारण लाइन र बर्जुमा एक सय ३२ केभी सबस्टेसन निर्माणाधीन छ ।

इनरुवा सबस्टेसनबाट भारतसँगको विद्युत् व्यापारका लागि इनरुवा-पूर्णिया र नेपाल, भारत तथा बङ्गलादेशबीचको व्यापारका लागि इनरुवा-अनारमनी चार सय केभी प्रसारण लाइन प्रस्ताव गरिएको छ । इनरुवा-अनारमनी प्रसारण लाइनमा कोरियाली निर्यात आयात (एक्जिम) बैङ्कले सहुलियतपूर्ण ऋण उपलब्ध गराउँदैछ । ढल्केबर-इनरुवा खण्ड प्रसारण लाइनमा चार सय १७ टावर निर्माण गरिएका छन् । प्रसारण लाइनलाई सप्तकोशी पार गराउन नदीमा ११ टावर निर्माण गरिएका छन् । कोशी नदीमा पर्ने पाँच किलोमिटर प्रसारण लाइनका लागि २४-३२ मिटर गहिरो पाइल जग (फाउन्डेसन) हालिएको छ । एउटा टावरमा १६ पाइल फाउन्डेसन गरिएका छन् । दुई वर्षअघि कोशी नदीमा आएको बाढीले खडा गरिएको एउटा टावर नै बगाइदिएपछि प्रसारण लाइन निर्माण जटिल बनेको थियो ।

कोरोना महामारी, कोशीको बाढी, प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै निर्माणमा स्थानीयको अवरोध, सर्वोच्च अदालतको अन्तरिम आदेश, वन क्षेत्रको जग्गा प्रयोग तथा रूख कटान स्वीकृतिको प्रक्रियागत उल्झनलगायत कारणले निर्माण प्रभावित भएको आयोजना निर्देशक श्यामकुमार यादवले बताए । उनले सिराहाको लाइन क्षेत्रमा अदालतको अन्तरिम आदेशका कारण चार वर्ष काम रोकिएको र आयोजनाको तीन पटक प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) गर्नु परेको उल्लेख गरे ।

## कर्पोरेट

### मन्जुश्री फाइनान्सको वेब बैंकिङ

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड

**काठमाडौं (प्रस)–** मन्जुश्री फाइनान्स लिमिटेडले परिस्कृत बैंकिंग सुबिधाको लागि वेभ बैंकिङको सुरुवात गरेको छ । यो सुविधा फाइनान्सका सम्पूर्ण ग्राहकवर्गले उपभोग गर्न सक्नेछन् । आफ्ना ग्राहकलाई डिजिटल अम्नी च्यानल अन्तर्गत सरल तथा सहज रूपमा बैंकिंग सेवा दिने फाइनान्सको उधेश्य अनुरूप यो सुबिधा व्यक्तिगत खाता संचालक तथा संघ संस्था दुवैको लागि ल्याइएको छ । यो सेवा निकै सरल, सुरक्षित र छरितो छ । फाइनान्सले यस सेवाले आफ्नो ग्राहकवर्गको बैंकिंग अनुभवलाई अझै उत्कृष्ट बनाउने अपेक्षा गरेको छ ।

पछिल्लो त्रैमाससम्ममा सबैभन्दा बढी नाफा कमाउन सफल रहेको यस फाइनान्सले २७ शाखाबाट सेवा दिँदै आएको छ । १ अर्ब ३५ करोड चुक्ता पुँजी भएको यस फाइनान्सले हालसम्म करिब १७.५ अर्ब निक्षेप संकलन तथा करिब १५ अर्बको कर्जा लगानी गरेको छ ।

### कर्माचार्य ग्रुपद्वारा उत्पादित 'क्रन्च' ब्राण्डको वेफर बजारमा




**काठमाडौं (प्रस)–** कर्माचार्य बेक्स एण्ड फुड्सले नयाँ उत्पादन बजारमा ल्याएको छ । बिस्कुट उत्पादनमा अग्रणी पहिचान बनाउन सफल उद्योगले 'क्रन्च' ब्राण्डमा वेफर बजारमा ल्याएको हो । अन्तर र्ाष्ट्रियस्तरको अत्याधुनिक प्रविधिको प्लान्ट स्थापना गरी 'वरिजिनल क्रिप्स एण्ड क्रन्ची चकलेट वेफर' बजारमा ल्याइएको उद्योगले जनाएको छ । उद्योगले चक्लेट, भेनिला, स्टेभरी र मिल्क क्रिमको स्वादमा वेफर उत्पादन गरेको छ ।

बालबालिकादेखि सबै उमेर समूहलाई लक्षित गरी वेफर बजारमा ल्याइएको र देशभरको बजारमा उपलब्ध भइसकेको जनाइएको छ । गुणस्तरलाई प्राथमिकतामा राख्दै वेफर उत्पादन गरिएको उद्योगले जनाएको छ । स्वाद, सन्तुष्टि र मिठासले पूर्ण हुने गरी वेफर उत्पादन गरिएको र बजारमा पुगेको छोटो समयमा नै उपभोक्ताबाट राम्रो प्रतिक्रिया प्राप्त भएको उद्योगले जनाएको छ ।

### सिएफमोटोको सर्भिस क्याम्प हुँदै

**काठमाडौं (प्रस)–** सिएफमोटो र जीहो ब्राण्डले सर्भिस क्याम्प सञ्चालन गर्ने भएको छ । नेपालका लागि आधिकारिक वितरक ऋषि ट्रेड सेन्टरले, कालोपुल स्थित आफ्नो अत्याधुनिक प्रविधि तथा दक्ष मेकानिक्स सहितको सर्भिस सेन्टरमा आज (सोमबार) देखि ७ दिने सिएफमोटो सर्भिस केयर क्याम्प सञ्चालन गर्ने भएको हो ।




सिएफमोटा ब्राण्ड युवाहरूमा लोकप्रिय रहेको ब्राण्ड र कोभिड पश्चात विभिन्न कारणले यसको बिक्री तथा सेवामा केही ढिलाई भएता पनि अहिले नयाँ आधिकारिक बितरक रिलायन्स ग्रुप अर्न्तगतको ऋषि ट्रेड सेन्टर नियुक्त भएसँग कम्पनीले यो पहिलो क्याम्प सञ्चालन गर्न लागेको हो । बिक्रीपछिको सेवा नै अटोमेटिक्स व्यापारको टेवाको नारा साथ कम्पनीले सिएफमोटोका सम्पूर्ण प्रयोगकर्ताहरूलाई यसरी नै सर्भिस र पार्टस्मा निरन्तर सेवा दिइरहने जानकारी दिएको छ ।

उक्त अवसरमा प्रयोगकर्तालाई स्पेयर पार्टस्, लेबर चार्ज, ल्यूब आयललगायतका विभिन्न सेवाहरूमा छुट दिइने जनाइएको छ । साथै एक जना भाग्यमानी ग्राहकलाई निःशुल्क मोटरसाइकल कोटिङ गर्ने अवसर पनि पाउन सकिने जनाइएको छ ।

## विदेशी विनिमय सञ्चिति करिब साढे १९ खर्ब

■ प्रभाव संवाददाता



**काठमाडौं–** चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा अर्थतन्त्रको बाह्य क्षेत्रमा राम्रो सुधार देखिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८०/८१ को दश महिनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार एक वर्षभन्दा बढी समयको वस्तु तथा सेवाको आयात धान्ने विनिमय सञ्चिति रहेको देखिएको हो ।

विसं २०८० असार मसान्तमा रु १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २६ दशमलव दुई प्रतिशतले वृद्धि भई गत वैशाख मसान्तमा रु १९ खर्ब ४२ अर्ब ४० करोड पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०८० असार मसान्तमा ११ अर्ब ७१ करोड रहेकोमा २०८१ बैशाख मसान्तमा २४ दशमलव दुई प्रतिशतले वृद्धि भई १४ अर्ब ५४ करोड पुगेको छ ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८० असार मसान्तमा रु १३ खर्ब ४५ अर्ब ७८ करोड रहेकोमा २०८१ बैशाख मसान्तमा २८ प्रतिशतले वृद्धि भई रु १७ खर्ब २२ अर्ब २ करोड पुगेको छ । त्यस्तै, बैंक तथा वित्तीय संस्था सँग रहेको विदेशी विनिमय सञ्चिति २०८० असार मसान्तमा रु एक खर्ब ९३ अर्ब ५९ करोड रहेकोमा २०८१ वैशाख मसान्तसम्ममा १३ दशमलव आठ प्रतिशतले वृद्धि भई रु दुई खर्ब २० अर्ब ३८ करोड कायम भएको छ । गत बैशाख मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव एक प्रतिशत रहेको छ ।

राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको दश महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १५ दशमलव एक महिनाको वस्तु आयात र १२ दशमलव छ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

गत वैशाख मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३४ प्रतिशत बराबर छ । त्यस्तै, कुल आयातसँगको अनुपात एक सय पाँच दशमलव तीन र विस्तृत मुद्राप्रदायसँगको अनुपात २९ दशमलव दुई प्रतिशत रहेको छ ।

राष्ट्र बैंकका अनुसार यो अवधिमा शोधनान्तर स्थिति रु तीन खर्ब ९२ अर्ब ६४ करोडले बचतमा रहेको छ । त्यस्तै, गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा आयात दुई दशमलव चार, निर्यात तीन दशमलव छ र कुल वस्तु व्यापार घाटा दुई दशमलव तीन प्रतिशतले घटेकोछ ।

गत वैशाख मसान्तसम्ममा नेपाल सरकारको खर्च रु १० खर्ब ५६ अर्ब ८९ करोड र राजस्व परिचालन रु आठ खर्ब ३१ अर्ब ९३ करोड रहेको छ । यो अवधिसम्मको विस्तृत मुद्राप्रदाय आठ दशमलव एक प्रतिशतले बढेकोछ । वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १२ दशमलव चार प्रतिशतले बढेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ